# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २४ फागुन २०८०

# बिहिवार

# बैठक सङ्ख्या- १०

राष्ट्रिय सभाको आजको बैठक माननीय उपाध्यक्ष श्री उर्मिला अर्यालको अध्यक्षतामा दिनको १३:१७ बजे प्रारम्भ भयो।

(१३:२० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यबाही प्रारम्भ हुन्छ। सर्वप्रथम सभाको आजको बैठकमा राष्ट्रिय सभाको सदस्यको रूपमा २०८० फागुना २१ गते शपथ लिनुभएका नवनिर्वाचित सदस्यहरूलाई सभाको तर्फबाट हार्दिक स्वागत गर्दछु।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु। माननीय उदय बोहोरा।

(१३:२० बजे) <u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म नवनियुक्त सम्माननीय प्रधानमन्त्री र माननीय मन्त्रीज्यूहरूलाई उहाँहरूको कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। राज्यको एउटा पश्चिम उत्तरमा रहेको अभावग्रस्त कर्णाली सबै खाले मानवीय आधारभूत समस्याले ग्रस्त छ। मुलुकमा

संघीयता कार्यान्वयन भएको ६ वर्ष पुगिसक्दा पनि राज्यको खासै पहुँच त्यो कर्णालीको सुदूर गाउँहरूमा पुगेको देखिँदैन। भूकम्पले प्रताडित जनताको पीडा कहाली लाग्दो छ र रोगभोक, स्वास्थ्य, शिक्षा र आवासको समस्याले, समस्याहरू ज्यूँ का त्यूँ छन्। सरकार टेर्दैन, सुन्दैन र राहत पर्याप्त सङ्कलन भएको सुनिन्छ, वितरण किन हुँदैन ? भोकपछिको भोजनको कुनै औचित्य रहँदैन। त्यसो भएको हुनाले समस्या समाधानका लागि नयाँ सरकारलाई म ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त।

(१३:२१ बजे)**<u>माननीय श्री कमला देवी पन्त (नेपाली काँग्रेस)</u>**:- सदस्यहरूले जिरो आवरमा कुरा उठाउनुहुन्छ। महिनौँपछि आएर सरकारले जवाफ दिन्छ र नवनिर्वाचित सरकार नवनियुक्त मन्त्रीहरू र नयाँ गठबन्धन गर्नुभएको प्रधानमन्त्रीले नै समसामयिक विषयमा माननीयहरूले उठाएका कुराहरूको जवाफ तुरुन्तै दिने कुरामा अध्यक्ष महोदयले रुलिङ्ग गर्नु पर्छ भन्ने लागेको छ, म अनुरोध गर्न चाहन्छु। अर्को कुरा चाहिँ अहिले मिटर ब्याजीको, सहकारी आन्दोलनमा लागेकाहरूको यो अहिले जुन समसामयिक समस्याहरू छन्। त्यसको समाधान सरकारले कहिले खोज्दैछ? मलाई जवाफ चाहियो। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कृष्णप्रसाद पौडेल।

(१३:२२ बजे) **<u>माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, विद्यालय तहको शैक्षिक सत्र सुरु हुँदैछ। विद्यालय जाने उमेरका करिब ८ लाख ५३ हजार बालबालिकाहरू विद्यालय बाहिरै छन्। त्यसमा पनि मधेस प्रदेशमा मात्र ३ लाख ९५ हजार छन्, जुन ४५% हुन्छ। ती बालबालिकाहरू नदी किनारमा गिटी कुटेर, साना होटलमा भाँडा माझेर, पानीका बोतल बेचेर जीविकोपार्जन गरिरहेका छन्। ती नवोदित बालप्रतिभाहरूलाई विद्यालयभित्र ल्याउने र टिकाउने के नीति, रणनीति र कार्यक्रम छ ? सम्माननीय अध्यक्षज्यू मार्फत सम्बन्धित मन्त्रीज्यूले यस गरिमामय सदनमा तुरुन्त जानकारी गराइदिनु हुन हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय गोमादेवी तिमिल्सिना

(१३:२३ बजे) **माननीय श्री गोमा देवी तिमिल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, नवनिर्वाचित प्रधानमन्त्रीज्यू र विभिन्न मन्त्रालयमा नियुक्त मन्त्रीज्यूहरू, यहाँ नवनिर्वाचित भएर आउनुहुने माननीयज्यूहरू सबैलाई म स्वागत एवं अभिवादन टक्राउँछु। हामी स्वाभीक रूपले हामी कहिले सत्तापक्ष, कहिले प्रतिपक्ष भएर कहिले यो रोमा कहिले त्यो रोमा बसेका छौं। तर पनि हामीले न्यायिक हिसाबले, न्यायिक आवाज उठाउनलाई हामी सत्तापक्ष या प्रतिपक्ष जुन भएपनि हामीले साझा रूपमा आवाजहरू बुलन्द गर्नेछौं। र न्यायिक कुराहरूको लागि सबै एक ठाउँमा उभिएर सहकार्य गर्नेछौं भन्ने कुराहरू भन्न चाहन्छु। र यो सँगै मलाई अहिले भर्खरै घटेका दुईटा घटनाहरूमा मलाई बोल्न मन लाग्यो। चितवनमा बोर्डिङ स्कुलमा बोडर्स गरेर बसेकी, hostel मा बसेकी (.....समय सकिएको)।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य दुर्गा गुरुङ।

(१३:२४ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, मिटर ब्याजीबाट पीडित तराई मधेसका सर्वसाधारण जनता अझै आन्दोलनमा छन्। नियम, कानुन बनाएर केही जमिन सरकारले फिर्ता गरेपनि सबै पीडितले न्याय पाउने कुरा कठिन भइरहेको छ। कानुन नै खरिद गर्ने र पीडकलाई उन्मुक्ति दिने दुवैलाई कडा कारबाही नगरेसम्म यो सरकार यो समस्याबाट सर्वसाधारण जनता उन्मुक्त नहुने देखिन्छ। सरकार गम्भीर बनोस् र ध्यानाकर्षण गराउन चाहन्छु। हस् त धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय नरबहादुर बिष्ट।

(१३:२५ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म सुर्खेत, हाम्रो बड्डिचौरदेखि गुटुसम्मको बाटो टेन्डर भएको डेढ वर्ष भयो। अहिलेसम्म त्यो बनाउन सकेको छैन। हिलाम्यै छ, त्यहाँका जनताले सास्ति फेरेका छन् र त्यो सरकारको विशेष गरी ध्यानाकर्षण गर्न चाहन्छु। र अर्कोतिर काठमाडौं महानगरपालिकामा एकजना आठौं तहको महिला अधिकृत, कानुन अधिकृतलाई कुनै उसको चाहिँ तपाईंको काम गर्ने ठाउँ नदिएर जुन खालको ..... यातना दिइएको छ, जुन अस्ति त्यो

समाचारहरूबाट सुन्न पाएँ। काठमाडौं जस्तो एउटा स्वतन्त्र, महानगरको मेयरले एउटा महिला अधिकृतलाई कामविहीन बनाएर जुन खालको मानसिक यातना दिएको छ। र नवनियुक्त हाम्रा माननीय सदस्यहरूलाई हार्दिक स्वागत र कार्यकालको सफलताको शुभकामना सहित नयाँ मन्त्रीमण्डलको प्रधानमन्त्रीलगायत मन्त्रिमण्डललाई हार्दिक बधाई दिन चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र।

**(१३:२६ बजे) <u>माननीय श्री नारायण तत्त भट्ट (नेपाली काँग्रेस)</u>:-** सम्माननीय अध्यक्ष महोदय, गाउँ, गाउँमा डोजरले बाटो बनाउन थाल्यो। नगरका वडाहरूमा पनि डोजर जान थाल्यो। जनता, काम गरी खाने जनताको एकातिर रोजगारी खोसिएको छ भने अर्कोतिर बाढी पहिरो पनि त्यो डोजरले ल्यायो। तसर्थ यो गाउँ, गाउँमा हुने गाउँ कमसेकम गाउँपालिकामा हुने डोजर आतङ्क बन्द गरौ। त्यहाँका जनतालाई काम दिउ। जनता विदेशिनबाट रोकौं। सम्माननीय अध्यक्ष महोदय, यी जितेर आएका साथीहरूलाई बधाई छ। अस्ति पनि भनेको हो। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण प्रसाद दाहाल।

**(१३:२७ बजे) <u>माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)</u>:-** सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त नवनिर्वाचित मन्त्रिपरिषद्लाई सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। र सबै मन्त्रीहरूलाई बधाई दिन चाहन्छु। त्यस्तै आजदेखि यस हलमा आउनुहुने नवनिर्वाचित हाम्रा माननीय सदस्यहरूलाई स्वागत, बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। अहिले देशैभरि दुग्ध उत्पादक किसानहरूको समस्या जटिल बन्दै गएको छ। चितवनमा प्राय दिनैजसो बाटामा दुध पोख्ने काम भइराखेको छ। त्यस्तै चितवनमा दुध, पोल्ट्री र केरा उत्पादनमा आत्मनिर्भर बन्ने जो स्थिति छ, त्यसलाई सरकारले उचित किसिमले चाहिँ व्यवस्थापन गरोस् भन्ने म अनुरोध गर्न चाहन्छु। त्यस्तै अहिले राजमार्गको दुर्दशा दिनप्रतिदिन बिग्रँदो छ। दैनिक जस्तो चाहिँ गाडीहरू एक्सिडेन्ट हुन्छन्, मानवीय क्षति भएको छ। यसतिर पनि सरकारको ध्यान जाओस् भन्न चाहन्छु। हस् त, धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय भुवन बहादुर सुनार।

(१३:२९ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, भर्खर सदनमा प्रवेश गर्दै रहनुभएका माननीय, नवनियुक्त माननीय सदस्यज्यूहरूलाई स्वागत गर्दै उहाँहरूको कार्यकालको सफलताको कामना गर्दै फेरि नवनियुक्त मन्त्रीहरूलाई पनि सफल कार्यकालको कामना गर्दै मैले छोटो विषय फेरी प्रस्तुत गर्न खोजें। अहिले गोर्खा जिल्लामा यो मध्यपहाडी लोकमार्गको कार्य भइरहेको थियो। र मंसिरदेखि त्यो कार्य बन्द भएको छ। मजदुरहरू छैनन्। सडकहरू धुलाम्यै भएर हिंड्न नसक्ने अवस्था छ। त्यसलेगर्दा यस्ता चाहिँ समस्याबाट दुर्घटनाहरू भइरहेको छन्। र यी सडकहरूलाई व्यवस्थित गर्ने र (.....समय सकिएको )

**सम्माननीय अध्यक्ष**ः- माननीय युवराज शर्मा। युवराज शर्मा। माननीय युवराज शर्मा। माननीय मोहम्मद खालिद।

(१३:३० बजे) **माननीय श्री माननीय मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**ः- सम्माननीय अध्यक्षज्यू, कक्षा १० को पाठ्यपुस्तक सजिलो सामाजिक शिक्षामा इस्लाम धर्म र त्स सम्बन्धी आस्थाको एकदमै उल्टो र गलत व्याख्या गरेको छ। यो पहिलोपटक होइन, यस्ता गल्तीहरू बारम्बार भइरहेको छ। हालको लागि सच्याई, सच्याउँन र भविष्यमा यस्ता गल्तीहरू नदोहोर्‍याउनको लागि निर्देशन दिन सम्माननीय अध्यक्षज्यूसँग विनम्र अनुरोध छ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुरेश कुमार आलेमगर।

(१३:३१ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, देशमा नयाँ गठबन्धन बनेको छ। यो नयाँ गठबन्धन अन्तर्गत बनेको सरकारको प्रधानमन्त्री हुनुभएकोमा हाम्रो पार्टीका आदरणीय अध्यक्ष कमरेड प्रचण्डलाई, उहाँको नेतृत्वमा नवगठित मन्त्रिपरिषदका सम्पूर्ण सदस्यहरूलाई, भर्खरै आजबाट यो सदन प्रवेश गर्नुभएका सम्पूर्ण राष्ट्रिय सभामा नवनिर्वाचित माननीयज्यूहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। र उहाँहरू सबैको सफल एवं उपलब्धिमूलक कार्यकालको लागि पनि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। अस्ति भर्खर हामीले राष्ट्रिय सभाको नियमावली संशोधन

गरेर सर्वसम्मतिले पारित गरेका छौं। तिता-मिठाहरू केही भए त्यसलाई बिर्सेर हामीले अगाडि बढ्नकालागि सबैलाई हार्दिक अनुरोध गर्न चाहन्छु। संशोधनकर्ता र सवैलाई धन्यवाद दिन चाहन्छु र यसमा थुप्रै कुराहरू हामीले ल्याउनुपर्ने छ। त्यसको लागि हामीहरूले सबै मिलेर अगाडि बढ्नुपर्ने छ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१३:३२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, नवनिर्वाचित सदस्यहरूलाई सभामा स्वागतका लागि दलीय आधारमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको छ।अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। समय ७ मिनेट हुनेछ एक जनालाई। सर्वप्रथम माननीय सदस्य माननीय गोपी बहादुर सार्की आछामी।

(१३:३२ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाली कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त नेपाल सरकारको अहिले नयाँ मन्त्रीमण्डल गठन भएको छ। सम्माननीय प्रधानमन्त्री, मन्त्रीमण्डलमा सामेल हुनु भएका सबै माननीय मन्त्रीज्यूहरू, सबैलाई मेरो आफ्नो तर्फबाट हार्दिक बधाई तथा कार्यकालको सफलताको निम्ति शुभकामना व्यक्त गर्न चाहन्छु। त्यसैगरी एउटा साइकल पूरा गरेर, ६ वर्षको चाहिँ अवधि पूरा गरेर २० जना माननीयज्यूहरू जानुभएको छ। र अहिले नवनिर्वाचित हुनुभएका १९ जना माननीयज्यूहरू आइसक्नुभएको छ। उहाँहरू सबैलाई म हार्दिक स्वागत तथा उहाँहरूको कार्यकाल सफलताको निम्ति पनि शुभकामना व्यक्त गर्न चाहन्छु। हामी १० वर्षको जनयुद्ध, १९ दिनको जन आन्दोलन सबै परिवर्तनकारी आन्दोलनको बीचबाट संघीय लोकतान्त्रिक गणतन्त्रमा छौं। यो समावेशी लोकतन्त्र संघीय गणतन्त्रको बीचबाट हामी अगाडि बढ्दै गर्दाखेरि चाहिँ आफ्नो महत्त्वपूर्ण अभिभारा पूरा गरेर सम्माननीय पूर्वअध्यक्ष सहितका साथीहरू १९ जना अरु साथीहरू चाहिँ जानुभयो र हामीले एउटा मान्यता राष्ट्रिय सभामा स्थापित गरेका छौं। राष्ट्रिय सभाले अहिले एउटा दोस्रो नियमावली संशोधन सहित केही परिमार्जन गरेर, केही थप गरेर राष्ट्रिय सभालाई व्यवस्थित ढङ्गले चाहिँ अगाडि बढाउने, यसको प्रभावकारितालाई अझै व्यवस्थित ढङ्गले चाहिँ कामहरू अगाडि बढाउने हिसाबले चाहिँ आएको छ। त्यो नियमावलीले मलाई लाग्छ एउटा राम्रो सन्देश पनि प्रवाह गर्दैछ। र नयाँ ढङ्गले हामी राष्ट्रिय सभालाई अगाडि बढाउँदै छौं र नयाँ माननीयज्यूहरू आइसकेपछि झन् यो नयाँ ढङ्गले नै अगाडि बढ्छ भन्ने मैले विश्वास पनि चाहिँ लिएको छु। त्यसैगरी राष्ट्रिय सभामा एउटा अर्को मान्यता के स्थापित छ भने

यो समयमै चल्छ भन्ने एउटा मान्यता स्थापित छ। हामी ठिक १२:०१ मिनेट भनिसकेपछि १२ बजेबाट एक मिनेटमै यो सुरु गर्ने एउटा प्रचलन, एउटा मान्यता पनि स्थापित भएको छ। तपाईं हामीलाई थाहा छ, हामी देशमा ठुलो एउटा परिवर्तन जनयुद्ध, जनआन्दोलन र सबै परिवर्तनकारी आन्दोलनको बीचबाट चाहिँ ठुलो एउटा परिवर्तन सहित नयाँ संविधान, नयाँ मूल्य, नयाँ मान्यता स्थापित गरेर चाहिँ अगाडि बढिराखेका छौं। र यो राष्ट्रिय सभा चाहिँ मा हरेक गतिविधिहरू सहमतिको आधारमा, एकरूपताका साथ या कुनै पार्टी फरक जस्तो कुनै पार्टी र माननीयज्यूहरू चाहिँ फरक धारणा जस्तो नभईकन हामीले चाहिँ अहिले सम्म जति पनि नियमावली संशोधन गरेका छौं, ऐन, कानुन निर्माण गरेका छौं र राष्ट्रमा देखापरेका साझा issue हरू, जनताका issue हरू लाई हामीले चाहिँ त्यसैगरी नै एकरूपताका साथ चाहिँ बुलन्द गर्ने काम, यो आवाजलाई उठाउने काम, सरकारलाई दबाब दिने काम पनि हामीले चाहिँ एकमतले नै गर्ने गरेका छौं। त्यो एउटा साझा सहमतिको कल्चर पनि हाम्रो यो राष्ट्रिय सभामा चाहिँ स्थापित एउटा कल्चरको रूपमा छ। म धेरै लामो नराखिकन नव निर्वाचित माननीयज्यूहरू चाहिँले सपथ खाएकै दिन एउटा राजनीतिक परिस्थिति र घटनाक्रम बदलिएको छ। पार्टीहरू नयाँ तरिकाले चाहिँ अगाडि बढिराखेका छन् र सरकार पनि बदलिएको छ, समीकरण पनि बदलिएको छ। देशको अर्थतन्त्रको स्थिति जनताको अपेक्षा र राजनीतिक परिवर्तनपछि राजनीतिक पार्टीहरूले पूरा गर्नुपर्ने थुप्रै दायित्वहरू छन्, चुनौती छ हाम्रा सामु। यो चुनौतीलाई सामना गर्नको लागि राष्ट्रिय सभामा होस् या सबै राजनीतिक दलहरूको बीचमा होस् या प्रतिनिधि सभामा पनि सबैले नै जनताको आशा विश्वास र भरोसालाई टुट्न नदिईकन हामीले चाहिँ एकताबद्ध ढङ्गले एकरूपताका साथ, एकरूप बुझाइका साथ नै जानुपर्ने एउटा चुनौती र आवश्यकता पनि त्यो छँदै छ। र म अहिले नयाँ बनेको सरकारले बजेट अगाडि सिद्धान्त र प्राथमिकताबारे बहस, छलफल र सुझाव पनि को चरण पनि छ र हामीले नीति निर्माण गर्दाखेरि, बजेट निर्माण गर्दाखेरि जनतालाई उत्साहित गर्ने खालको, जनताको चाहिँ आशा, भरोसा र विश्वास जित्ने खालको र चाहिँ राष्ट्रलाई एकताबद्ध गर्ने खालको र जनताको तहका बेरोजगारीका समस्या र आर्थिक सङ्कट, समस्या हल गर्ने खालको चाहिँ बनाएर जानुपर्छ भन्ने एउटा मान्यतालाई पनि हामीले चाहिँ स्थापित गर्नु छ। र यो परिवर्तनको बीचबाट चाहिँ हामी नयाँ ढङ्गले चाहिँ अगाडि बढ्नुपर्ने यो आवश्यकता पनि भएको कारणले गर्दाखेरि अब हामी जुन एउटा सहकार्यको बीचमा छौं। नयाँ माननीयज्यू र हामी कतिपय दुई वर्ष पूरा गरेका, कतिषय चार वर्ष पूरा र कतिपय चाहिँ अब नयाँ आउनुभएका माननीयज्यूहरूको बीचमा सहकार्यकै बीचबाट आपसी छलफल, समझदारी र चाहिँ एकताकै बीचबाट हामी अगाडि बढ्न जरुरी छ। म सबै माननीयज्यूहरूलाई पुन फेरि हार्दिक स्वागत

अभिवादन र चाहिँ म उहाँहरूको कार्यकाल सफलताको निम्ति पूर्ण शुभकामना व्यक्त गर्दै मेरो भनाइ अन्त्य गर्न चाहन्छु। हवस् त अभिवादन नमस्ते।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य कमला पन्त। समय ७ मिनेट।

(१३ः३९ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूको अनुमतिले सर्वप्रथम त हालै सम्पन्न राष्ट्रिय सभाको निर्वाचनबाट निर्वाचित भई आउनुभएका सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक बधाई दिँदै यस गरिमामय सभाभित्र हार्दिक स्वागत गर्दछु र शुभकामना दिन चाहन्छु। यतिखेर तपाईं हामीप्रति देशभित्र र देश बाहिरका नेपाली एवं नेपालका शुभेच्छुकहरूको विशेष चासो र सदिक्षा गाँसिएको मैले महसुस गरेको छु। नेपालको संविधानले स्थायी व्यवस्थापकीय अङ्गको रूपमा खडा गरेको, खडा गरेको यस सभाले निर्वाह गर्ने भूमिका, कायम राख्ने गरिमा र ओजलाई गहिरो नजरले हेरेका छन्। एक अर्थमा हामी जनताको निगरानी, मोनिटरिङभित्र, निगरानीभित्र छौं। संसदीय अभ्यास बोकेका सबै मुलुकका दुई सदनात्मक व्यवस्था छैन सबै मुलुकमा। तर हामीले जनताको प्रतिनिधिमूलक संस्थाको निरन्तरताको सिद्धान्तलाई अवलम्बन गर्दै, हामीकहाँ दुई सदनको व्यवस्था गऱ्यौं। २०७२ सालको संविधानले दुई सदनको व्यवस्था गऱ्यौं र हामीले २०४६ सालपछि पनि दुई सदनात्मक व्यवस्था थियो राष्ट्रिय सभा र प्रतिनिधि सभा। र अहिले पनि हामीले दुई सदनात्मक व्यवस्था गऱ्यौं। र छिमेकी मुलुक भारतको राज्यसभा, लोकतन्त्रको जननी मानिने, बेलायतको हाउस अफ लर्ड तथा अमेरिकाको सिनेटले देखाएको प्रभाव, औचित्य, गरिमा र हाम्रा आफ्नै विगतका सकारात्मक अनुभवहरूबाट हामीले हाम्रा अघिल्ला पाइलाहरूलाई देश र जनताको पक्षमा परिणामदायी बनाउन सङ्कल्प गर्नु अहिलेको आवश्यकता हो। अध्यक्ष महोदय, हाम्रा सामुन्ने यतिखेर थुप्रै जिम्मेवारीहरू रहेका छन्। संविधानसभाबाट जारी भएको वर्तमान संविधानको पूर्ण कार्यान्वयनको सन्दर्भमा कानुन निर्माण, हाम्रा कानुनमा, कानुन पूर्ण भइसकेका छैनन्। व्यवस्थापिका हाम्रो संविधान भइसकेपछि कानुन कति निर्माण गर्न बाँकी छ भन्ने कुरा पनि विधायन समितिले अध्ययन गरिसकेको छ। ४० वटा कानुन चाहिँ तत्काल निर्माण गर्नुपर्ने अहिलेको अवस्था छ। शान्ति प्रक्रियाको लजिकल इण्ड तथा समुन्नत नेपाल निर्माणको आधार खडा गर्न युद्धस्तरमा काम गर्नुपर्नेछ। हामीलाई विश्राम गर्ने छुट छैन। अध्यक्ष महोदय, यो भारदारी सभा होइन। प्रदेश सभाका सदस्य तथा स्थानीय तहका प्रमुख, उपप्रमुखहरूद्वारा निर्वाचित राष्ट्रिय कार्यभार बोकेको राष्ट्रिय सभा हो हाम्रो भन्ने कुरालाई मनन गर्दै हामीले हाम्रा

कर्तव्यहरू सम्पादन गर्नुछ। समावेशी तस्विरका साथ अध्यक्ष महोदय, हाम्रो संविधानले समावेशिताको अवलम्बन गरेको छ। र समावेशिताको तस्विर चाहिँ यो राष्ट्रिय सभामा देख्न सकिन्छ। समावेशी तस्विरका साथ निर्मित यस सभाका प्रति सबै धर्म, लिङ्ग, वर्ग, क्षेत्रका जनताका अलावा सीमान्तकृत, लोपोन्मुख समुदाय एवं समाजका सबै पीडित वर्गको विशेष आशा, भरोसा जोडिएको छ। सबैभन्दा ठुलो उपेक्षाको जीवन गुजार्न विवश किसान, साना व्यवसायी, मिटर ब्याज पीडित, सहकारी पीडित र सशस्त्र द्वन्द्व पीडितले आफ्नो पीडा समाधानमा राष्ट्रिय सभाको समेत प्रभावकारी भूमिकाको अपेक्षा गरेका छन्। शान्ति, शान्ति निक्षेपणको, शक्ति निक्षेपणको सिद्धान्तका आधारमा स्थानीय तह र प्रदेश तहलाई थप शक्तिशाली, साधन स्रोतसम्पन्न र दक्ष तुल्याई संघीयताको अर्थपूर्ण अभ्यासलाई विस्तार गर्न अब कति पनि ढिला गर्न हुँदैन। अध्यक्ष महोदय, हाम्रो हामी निर्वाचित भएको पनि त्यहीँबाट हो। र हाम्रो जिम्मेवारी पनि स्थानीय तह र प्रदेश तहलाई नै छ भन्ने मलाई लागेको छ। त्यसले गर्दा हामी चाहिँ त्यतैपट्टि पनि विशेष हाम्रो जिम्मेवारी महसुस गर्नपर्छ भन्ने मलाई लागेको छ। लोकतान्त्रिक शासन पद्धति र हामीले अवलम्बन गरेको सिद्धान्तको व्यवस्था, संविधानको व्यवस्था अनुसार सरकार परिवर्तन हुनुलाई अस्वाभाविक मान्न सकिँदैन। तापनि देशमा आर्थिक सङ्कट झन् गहिरिँदै गएको, रोजगारी स्वरोजगारीको अवसर सङ्कुचित हुँदै गएको तथा निजी क्षेत्र लगायत आम जनतामा निराशा छाएको यतिबेला हामी त हामीलाई देश र जनताका सवाललाई छोडेर सत्ता केन्द्रित राजनीतिमा गिजोलिनु राम्रो थिएन, छैन र हुँदैन पनि। राष्ट्रिय सभाको भूमिकालाई थप सान्दर्भिक र अभिभावकीय बनाउने काममा हामीले सार्थक प्रयत्न गरौं। नवनिर्वाचित माननीयज्यूहरूलाई पुन हार्दिक स्वागत गर्दै यस सभाको गरिमा उठाउने काममा आआफ्नो स्थानबाट योगदान गर्न हामी सबै सङ्कल्पित छौं, रहौं। अध्यक्ष महोदय, हाम्रो जिम्मेवारीको संघीयतालाई बलियो बनाउने र राष्ट्रिय सभाले विगतमा एउटा समिति बनाएर संघीयताको बारेमा अध्ययन गरेको छ। त्यो अध्ययनलाई कार्यान्वयन गर्नको निम्ति पनि सरकारलाई विशेष अनुरोध गर्दै र उपस्थित सम्पूर्ण नवनिर्वाचित माननीयज्यूहरूलाई म हार्दिक स्वागत, अभिवादन र यहाँहरूको कार्यकालको सफलताको कामना गर्दै "तृष्णाको तुच्छ जालो मनबीच नरहे, जो मिल्यो सो उज्यालो" हामी धेरै तृष्णा बोकेर नहिडौं। हामी चाहिँ जनताप्रतिको जिम्मेवारीलाई निर्वाह गर्न सक्ने हामीसँग इच्छाशक्ति होस्, यति कुरा राख्दै बिदा हुन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य देवेन्द्र दाहाल। समय ७ मिनेट।

(१३:४६ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नवनिर्वाचित माननीयज्यूहरूलाई शुभकामना दिनका लागि यहाँ उपस्थित भएका छौं। आजको कार्यसूचीमा त्यही विषय रहेको छ। र यस अवसरमा माननीयज्यूहरूको आगमनसँगै नयाँ गठबन्धन, नयाँ कोलिसन बनेको छ। र यसमा प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री नै प्रधानमन्त्रीको रूपमा रहेर नयाँ मन्त्री मण्डल गठन भएको छ। र म यस अवस्थामा, यस अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू पुष्पकमल दाहाल "प्रचण्ड"को नेतृत्वमा रहेको अहिलेको सरकारलाई हार्दिक बधाई पनि दिन चाहन्छु। कार्यकालको सफलताको कामना गर्न चाहन्छु। र हामी यहाँ उपस्थित भइरहँदाखेरि नयाँ कार्यभार बोकेर आउनुभएका माननीयज्यूहरू हुनुहुन्छ। र उहाँहरू संविधानको धारा ८६ (५) अनुसार विभिन्न क्लस्टरबाट र विभिन्न प्रदेशबाट निर्वाचित भएर आउनुभएको छ। र उहाँहरूलाई म निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा स्वागत गर्न चाहन्छु। त्यसपछाडि उहाँहरूको कार्यकालको सफलताको कामना गर्न चाहन्छु, उहाँहरूको कार्यकाल सफल रहोस्। र यसबीचमा उहाँहरूले नयाँ-नयाँ जिम्मेवारी प्राप्त गर्नुहोस् र कम्तिमा पनि माननीयको रूपमा, राष्ट्रिय सभा सदस्यको रूपमा यहाँहरूको भूमिका प्रभावकारी रहोस्। देशले त्यो सम्झिरहने खालका कामहरू यहाँहरूले गर्न सक्नुहोस्। त्यसमा म यहाँहरूलाई हार्दिक शुभकामना दिन चाहन्छु। यसपटक यो सभामा अलि अनुभवी पुराना माननीयज्यू पनि आउनुभएको छ। मैले चिनेका, नाम सुनेका, नाम चलेका माननीयज्यूहरू पनि आउनुभएको छ। त्यसैले गर्दा यसबाट यो सभाको गरिमा माथि उठेको छ भन्ने मलाई लाग्छ। र यो सभालाई पटकपटक यो चाहिँ बुढापाकाहरू थन्क्याउने सभा भयो भन्ने चर्चा पनि चल्या छ। र त्यसलाई यो सभामा जुन खेलेको भूमिकाबाट त्यो कुरालाई हामीले खण्डित गर्न सक्नुपर्छ भन्ने मलाई लाग्छ। र अघि माननीयज्यूले भन्या जस्तो, यो सभा भनेको चाहिँ विधायिकी अभ्यासमा चेक एण्ड ब्यालेन्सको लागि पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। प्रतिनिधिसभाबाट आएका विधेयकहरू कानुनी निर्माणको सन्दर्भमा आएका विधेयकहरू छलफल गर्ने सन्दर्भमा केही इररहरू, केही समस्याहरू भयो भने यसले सच्याउने छ। त्यसकारण स्वाभाविकरूपले हाम्रो देशमा हामीले संघीयताको स्थापनापछि, नयाँ संविधान जारी भइसकेपछि, हामीले चाहिँ दुई सदनात्मक व्यवस्था त्यसै कारणले गरेका हौं। कि एउटा सभाले गरेका कमजोरी अर्को सभाले सच्याउन सकोस् भनेर गरेका हौं। त्यस मध्ये पनि यसलाई एउटा बौद्धिक सभा, विद्वतहरूको सभा भनेर पनि भन्ने गरिन्छ र हाम्रो भूमिकाले त्यो कुरालाई हामीले प्रमाणित गर्न सक्नुपर्छ भन्ने मलाई लाग्छ। अब यो राष्ट्रिय सभाको लामो इतिहास छ, नेपालकै पनि। र यो संविधान, नयाँ संविधान जारी भइसकेपछि यताका दिनहरूमा अलिकति पृथक् भूमिका छ। पहिलेको भन्दा अलि पृथक् भूमिका छ। यसको इतिहास छ, इतिहास लामै छ राष्ट्रिय

सभाको तर नयाँ संविधान जारी भइसकेपछि यसको अलि पृथक् भूमिका रहेको छ। र स्वाभाविक रूपले यो कानुन निर्माणको थलो हो हामीलाई थाहा छ। त्यसले गर्दाखेरि यहाँहरूको उपस्थितिले कानुनको गुणस्तरीयता, आज नेपालमा कानुन बन्छन् तर केही समयपछि फेरि संशोधन गर्नुपर्ने हुन्छ। त्यसले काम गर्दैन भनेदेखि लामो समयसम्म लामो भिजन राखेर कानुन निर्माण गर्नमा यो नयाँ माननीयज्युहरू जो आउनुभएको छ, उहाँहरूको भूमिका महत्त्वपूर्ण हुनेछ भन्ने मलाई लागेको छ। आफ्ना विचारहरू राखिरहँदाखेरी यो सभाको गरिमालाई जोगाई राख्न सक्नेछौं हामीहरूले, मलाई विश्वास लागेको छ। कहिलेकाहीँ प्रत्येक पक्ष, प्रतिपक्ष भएर बोल्नुपर्ने हुँदा स्वाभाविक रूपले आफ्नो दलको, आफ्नो पक्षको वकालत गर्नु स्वाभाविक पनि हो। तर त्यसलाई एउटा गरिमालाई बचाइराख्नका लागि सभाको गरिमालाई बचाइराख्नका लागि त्यसै खालको भूमिका हुनेछ भन्ने मैले चाहिँ विश्वास लिएको छु। अघि माननीयज्यूले पनि भन्नुभएको छ म अलिकति दोहोर्याउन चाहन्छु, त्यो कुरा के हो भनेर। यसका केही मानकहरू छन्, हामीले तयार गर्‍या छौं। र विधेयकहरूमा एकदम थोरै मात्रै कहिलेकाहीँ विवाद भयो भने मात्रै नभएदेखि सर्वसम्मतिले पास हुने गरेको छ। यो एउटा मानक हामीले स्थापित गरेका छौं। हामीले कोसिस के गरेका छौं भने यो प्रतिनिधिसभाको छाया नबनोस्। प्रतिनिधिसभामा जे जे हुन्छ त्यो त्यो यसमा गर्ने, त्यस्तो खालको छायाँ नबनोस् भनेर त्यस्तो अभ्यास पनि सुरु गरेका छौं। प्रतिनिधि सभामा साभा रोकिँदाखेरि पनि यो सभा चलाको पनि एउटा इतिहास छ। उतापट्टि नाराजुलुस भइराखेको अवस्थामा पनि यो सभा चलिरहेको पनि एउटा इतिहास छ। त्यसले गर्दाखेरी यो पनि एउटा कुरा छ। अर्को विभिन्न प्रस्तावहरू सार्वजनिक महत्त्वका प्रस्तावहरू हुन्छन्, सङ्कल्प प्रस्तावहरू हुन्छन्। यी प्रस्तावहरू आउँदाखेरि चाहिँ यी प्रस्तावहरूको चाहिँ हामीले सर्वसम्मतिले, सबै दलको सहमतिमा यो गर्ने गर्‍या छौं। त्यसकारणले गर्दाखेरि म अन्तिममा भन्न चाहन्छु। गठबन्धनहरू फेरिरहन्छन् तर यो स्थिर सभा हो, स्थायी सभा हो। यो सभाले खेल्ने भूमिका बेग्लै हुनेछ र हामी कहिलेकाहीँ पार्टीभन्दा माथि उठेर पनि आफ्ना भूमिकाहरू निर्वाह गर्न सकौं। यहाँ नयाँ आउने माननीयज्यूहरूलाई यही सुभेच्छा, शुभकामना दिन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१३:४५ बजे) **माननीय श्री डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम भर्खरै निर्वाचित भएर आउनुभएका र

आजदेखि सभाको बैठकमा सहभागी हुनुभएका माननीयज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु र स्वागत पनि गर्न चाहन्छु। म के भन्न पनि चाहन्छु भने उहाँहरूको उपस्थितिले हाम्रो यो सभा अझै गरिमामय बनोस्। हामीले सभालाई प्रतिनिधिहरूको पनि प्रतिनिधि सभा, प्रबुद्ध सभा हो। र त्यही प्रबुद्धता यो सभाले प्रकट गर्नुपर्दछ, प्रस्तुत गर्नुपर्दछ भन्ने मान्यता राख्दै आएका छौं। यसपटक थपिनुहुने माननीयज्यूहरू, कतिपय माननीयज्यूहरू वरिष्ठ राजनीतिज्ञ, धेरै लामो अनुभव भएका राजनीतिज्ञ समेत हुनुहुन्छ। उहाँहरूको उपस्थितिले निश्चय नै यो सभालाई, यो सभाको त्यो प्रभुत्व कायम गर्नका निम्ति योगदान गर्नेछ भन्ने मलाई लाग्दछ। त्यसै अर्थमा म उहाँहरूको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। र उहाँहरूको सफलता, उहाँहरूको भूमिकाले यो सभाको सफलताका निम्ति पनि योगदान गर्नेछ भन्ने पनि शुभकामना व्यक्त गर्न चाहन्छु। दोस्रो कुरा, फेरि एकचोटि समीकरण बदलिएको छ। पटकपटक समीकरणहरू बदलिँदाखेरि मुलुकले अस्थिरता भोग्नु पर्‍यो भन्ने गुनासाहरू पनि छन्। यो गुनासाको बीचबाट निर्माण भएको समीकरण र त्यो समीकरणबाट निर्माण भएको सरकारले अब फेरि अस्थिरता मुलुकले भोग्नुपर्ने छैन भन्ने गरी अगाडि बढ्न सकोस्। यस मानेमा म नवनिर्वाचित त नभनौं, प्रधानमन्त्री पहिलेदेखि नै हुनुहुन्छ, पहिले रहनुभएको प्रधानमन्त्रीको नेतृत्वमा जुन नयाँ मन्त्रिपरिषद गठन भएको छ, पुनर्गठन भएको छ। यो पुनर्गठित मन्त्रिपरिषद्का सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूलाई हार्दिक बधाईको साथसाथै आज मुलुकमा रहेको जुन चुनौतीहरू छन्, ती चुनौतीहरूलाई सामना गरेर मुलुकलाई प्रगतिको दिशामा अगाडि बढाउनका निम्ति उहाँहरूले भूमिका खेल्न सक्नुहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। आज मुलुकमा अर्थतन्त्र अझै पनि सङ्कटको अवस्थामा छ। अस्तिसम्म, अस्तिको दिनसम्म म आफैं सरकारमा थिएँ र हामीले त्यहाँ पटकपटक छलफल गरेका छौं। अर्थतन्त्रका केही सूचकाङ्कहरू खासगरी बाह्य सूचकाङ्कहरूमा सुधार देखिएको छ। र पनि आन्तरिक सूचकाङ्कहरूमा अझै पनि समस्याहरू छन्। एउटा गम्भीर चुनौतीको रूपमा यतिबेला हाम्रो अर्थतन्त्र सङ्कटमा छ। यसलाई समाधान गर्नका निम्ति यो सरकार सफल बनोस्। त्यो विषयमा यो सरकार जान सकोस्। यो शुभकामना म व्यक्त गर्न चाहन्छु। सँगसँगै बेरोजगारीको समस्या, शिक्षा र स्वास्थ्यको क्षेत्रमा रहेका समस्याहरू, आर्थिक उत्पादन वृद्धि गर्नुपर्ने चुनौतीहरू, विदेश, वैदेशिक व्यापारको असन्तुलन, गरिबी निवारण गर्न नसकिएका समस्याहरू यावत् समस्याहरू जुन छन्। ती समस्याहरूको समाधान गर्नका निम्ति अहिले बनेको समीकरण र अहिले बनेको यो समीकरणको सरकार सफल बन्नुपर्दछ। अझै पनि हामी सफलताको दिशामा अगाडि बढ्न सकेनौं भने अहिलेको भन्दा ठुलो चुनौती हाम्रा सामु आउनेछन्। मुलुकमा भएको राजनीतिक परिवर्तन अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा परिवर्तन नहुनाको कारणले

आज संघीय लोकतान्त्रिक गणतन्त्रका बारेमा नै जुन खालका प्रश्नहरू उठेका छन्, ती प्रश्नहरूको निवारण हुनेगरी अहिलेको सरकार अगाडि बढ्न सक्नुपर्दछ। त्यस अर्थमा यो सरकार सफल बनोस्। यो समीकरण फेरि परिवर्तन नहुने गरी अगाडि बढोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। आज नवनिर्वाचित माननीयज्यूहरूलाई स्वागत गर्नका निम्ति उभिएरै भन्नुपर्ने केही पनि छैन। उहाँहरूलाई स्वागत भन्नुको साथसाथै सफलताको शुभकामना र सरकार पनि भर्खरै नयाँ बनेको हुनाले अथवा प्रधानमन्त्री पुरानै हुँदाहुँदै पनि नयाँ सरकार भनिएको छ। सरकार मन्त्रिपरिषद् पुनर्गठन भएर नयाँ ढङ्गले काम सुरुवात गरेको सन्दर्भमा भर्खरै प्रधानमन्त्रीज्यूले प्रतिनिधि सभामा जुन प्रतिबद्धता व्यक्त गर्नुभएको छ, कि यो समीकरणको, यो सरकारको लक्ष्य सुशासन र समृद्धि हो भनेर जुन प्रतिबद्धता व्यक्त गर्नुभएको छ। त्यस अनुसार सरकार अगाडि बढ्न सकोस्। यो सभाले प्रतिनिधि सभाको प्रतिष्ठामा भइनरहनु पर्ने स्थिति आउन सक्छ र यो सभाले पनि राम्रो भूमिका खेल्न सक्छ। त्यसमा हामी सबै मिलेर प्रभावकारी ढङ्गले यो सभा चलाउने र सरकारले अगाडि सारेका योजनाहरू, कार्यक्रमहरूलाई सकारात्मक दिशामा अगाडि लानका निम्ति योगदान गर्न सक्छौं। यसमा माननीयज्यू, जो आउनुभएको माननीयज्यू छ उहाँहरूको सकारात्मक योगदान हुनेछ, पुग्ने छ भन्ने शुभकामना व्यक्त गर्दै विदा हुन चहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य मोहम्मद खालिद। समय ७ मिनेट।

(१४:०० बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिला फागुन २० गते यो सदनबाट बिदा हुनुभएका सम्माननीय अध्यक्षज्यूलगायत १९ जना साथीहरूलाई, उहाँले यो सदनलाई, देशलाई र जनतालाई दिएको योगदान प्रति कृतज्ञता प्रकट गर्न चाहन्छु। वास्तवमा उहाँहरूले आफ्नो कार्यकालमा राष्ट्रिय सभालाई वास्तविक रूपमा एउटा परिपक्व सभामा रुपान्तरित गर्नमा उहाँहरूले दिएको योगदान सराहनीय रहेको छ। र उनीहरूको सम्झनामा व्यक्तिगत रूपमा पनि जीवनभर नै मेरो मनमा मेरो मुटुमा रहन्छ। र म उहाँहरूलाई उहाँ हुनुहुन्न यहाँ र उहाँहरूलाई सम्झेर म भारतीय कवि वशीर वद्रको पङ्क्ति उहाँ एउटा पङ्क्ति उहाँहरूलाई अर्पण गर्न चाहन्छु। "उजाले आपनी यादोंके हमारे साथ रहने दो, नजाने किस गलीमे जीन्दगीकी शाम होजाये।" यसरी नै १९ जना जुन नयाँ निर्वाचित भएर आउनुभएका हाम्रा साथीहरू छन्। सबभन्दा पहिला उहाँहरूलाई निर्वाचित भएर आउनु भएकोमा बधाई दिन चाहन्छु। यहाँ

पाल्नुभयो शुभकामना दिन चाहन्छु, तपाईहरूको कार्यकाल सफल होस्। र यो सदनलाई अझ मर्यादित र परिपक्क बनाउनका निम्ति तपाईहरूको हामी सबैको योगदान सराहनीय मात्र होइन, अविस्मरणीय रहोस् भन्ने म कामना व्यक्त गर्न चाहन्छु। साथै हाम्रा नयाँ मन्त्री नवगठित मन्त्रिमण्डलमा समावेश हुनुभएका, आउनुभएका मन्त्रीजीहरूलाई पनि म बधाई र सफल कार्यकालको शुभकामना दिन चाहन्छु। र भन्न चाहन्छु कि यो अवसर पनि हो र चुनौती पनि हो। अवसर अवश्य नै प्राप्त गर्नुभएको छ तर यहाँ चुनौती यहाँ धेरै रहेका छन्। केही वास्तविक चुनौती पनि छन्, अर्थतन्त्रका कुराहरू हामी सुनिसकेँ र केही काल्पनिक चुनौती पनि छन्। केही शक्तिहरू हाम्रा केही वैमनश्यता भनौं, के भनौं, यो उखाड-पछाड भनौं, चाँडै-चाँडै हुँदै गरेको सरकार परिवर्तनका कुरा भनौं, ती कुराहरूलाई लिएर त्यसलाई निहुँ बनाएर यो व्यवस्थालाई नै सखाप पार्ने, संविधानलाई नै सखाप पार्ने जुन प्रयासमा छन्। उनीहरूबाट पनि यो सरकारलाई होसियार या सदनलाई पनि होसियार र सजग रहनुपर्छ भन्ने मेरो आग्रह छ। साथै नयाँ साथीहरूलाई म के सेयर गर्न चाहन्छु भन्ने के हामी संविधानका रक्षक पनि हौं। र जनताको हितको लागि, देशको हितको लागि कानुन बनाउनका साथ सरकारले गरेको कामकाजको मोनिटरिङको लागि पनि हामी यहाँ आएका छौं। साथै जुन पछाडि परेका छन् वा पारिएका छन्, उनीहरूका समस्या, उनीहरूले भोगिरहेका समस्या, हालसम्म राज्यमा उनीहरूले जुन पहुँच पाइराखेको छैनन्। ती समुदायहरू, ती वर्गहरू जसले न्याय पाइरहेका छैनन्। उनीहरूको लागि हामी यो सदनमा मिलेर आवाज उठाउने गर्छौं भन्ने हामी प्रतिज्ञा लिउँ। म एकचोटि फेरि आफ्ना नयाँ साथी नवनिर्वाचित माननीयज्यूहरूलाई फैज अहमद फैजको यो पङ्क्तिबाट स्वागत गर्दै “ गुलोंमे रङ्ग भरे बाद ए नौ बहार चले, चले भी आओ कि गुलशनका कारोबार चले” भन्दै म बिदा लिन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलप्रसाद विश्वकर्मा। समय ७ मिनेट।

(१४:०६ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म नवनिर्वाचित माननीयज्यूहरू जो आउनुभएको छ नयाँ, उहाँहरूलाई स्वागत गर्न चाहन्छु। र उहाँहरूको कार्यकाल सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। भर्खरै नयाँ समीकरणबाट नयाँ सरकार बनेको छ र यो नयाँ सरकारमा नयाँ मन्त्रीज्यूहरू आउनुभएको छ। उहाँहरूको पनि कार्यकाल सफल होस् र यो नयाँ सरकारले जनताका जल्दाबल्दा समस्याहरू समाधान गर्नको लागि भूमिका खेलोस् भन्न चाहन्छु। तर यो

गठबन्धन सरकार जुन अहिले बनेको छ। यो गठबन्धन सरकारको बारेमा अलिकति फरक विचार छ मेरो। हिजो जुन किसिमको परिस्थितिमा गठबन्धन बनेको थियो र त्यसले देशको राजनीतिलाई अगाडि हाँकेको थियो। आज त्यो समीकरण बदलिएको छ र हाम्रो पार्टी यो गठबन्धन गर्नु गलत भयो भन्ने पक्षमा छ। र त्यसैले यो सरकारलाई जुन हाम्रो पार्टीले समर्थन दिँदै आएको थियो, त्यो समर्थन पनि फिर्ता गर्ने निर्णय गरेको छ। त्यसैले म यहाँ हिजो के कारणले गठबन्धन भयो र आज विशेष राजनीतिक परिस्थिति नबदलिईकन कुन त्यस्तो खालको चाहिँ नि दबाब आयो हाम्रो प्रधानमन्त्रीलाई रातारात? र उहाँले थेग्न सक्नुभएन र यो समीकरण बदल्नुभयो। यो हामीलाई आश्चर्य लागेको छ। मन्त्रीमण्डल विस्तार गर्ने क्रममा जुन व्यक्तिको उपरमा अदालतमा जाने मुद्दा चलिरहेको छ। त्यो मुद्दाको किनारा लागेको छैन। नागरिकताको सवालहरू, दोहोरो पासपोर्टका सवालहरू, सहकारीमा चाहिँ नि घोटाला हरु जीवितै छ। स्वयं उही व्यक्तिलाई गृह मन्त्रालय सुम्पिने काम जुन भएको छ, त्यो स्वाभाविक रूपमा चाहिँ स्वीकार्न सकिने कुरो होइन। त्यसैले यस कुरामा हाम्रो पार्टीले आपत्ति प्रकट गर्दछ र तैपनि आगामी दिनमा जुन यो उद्देश्यका साथ यो समीकरण बनेको हो। त्यो समीकरणले देश र जनताको अहम् सवाललाई केन्द्रमा राखेर काम गरोस्। र हिजोको भन्दा राम्रो काम गऱ्यौं भन्ने चाहिँ नि जनतामा अनुभूति होस् भन्दै मैले आफ्नो चाहिने छोटो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय शेखर कुमार सिंह। समय ७ मिनेट।

(१४:११ बजे)**माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नवनिर्वाचित माननीय सदस्यहरूले स्वागत गर्न उभिएको छु। मेरो तर्फबाट, मेरो पार्टीको तर्फबाट आफ्ना आफ्ना क्षेत्रबाट चुनिएर आउनुभएका नवनिर्वाचित सदस्यज्यूहरूलाई हृदयदेखि बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। अलिकति संघीयताको पनि एकजना साथीले उठाउनु भएको थियो। हामी त त्यही संघीयताका प्रतीक छौं यहाँ। आज मुलुकमा संघीयता नआइदिएको भए हामी कहाँबाट निर्वाचित भएर आउँथ्यौं। त्यही तिन तहका सरकार मध्येका दुई तहका सरकारका प्रतिनिधिहरू हाम्रा निर्वाचन क्षेत्र पऱ्यो। उहाँहरूले लिएर आउनुभएको छ, हामीलाई निर्वाचित गरेर। उहाँहरूले पनि धेरै आशा र विश्वास हामीप्रति राख्नुभएको छ। हामी त्यो आशा र विश्वासमा हामी खडा र

खोटा उत्रिन्छु, यति विश्वास दिदैं नवनिर्वाचित सांसदज्यूहरूलाई आफ्नो कार्यकालमा धेरैदेखि धेरै सफलता प्राप्त होस्। भन्दै म आफ्नो दुई शव्द यहीं अन्त्य गर्छु। धन्यवाद।

(१४:१३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, नवनिर्वाचित माननीय सदस्यहरूको तर्फबाट बोल्नको लागि नाम प्राप्त भएको छ। अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सबैलाई समय ५ मिनेट मात्र हुनेछ। सर्वप्रथम माननीय सदस्य आनन्द प्रसाद ढुँगाना।

(१४:१३ बजे) **माननीय श्री आनन्द प्रसाद ढुँगाना (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, आज म राष्ट्रिय सभाको अनुभव पहिलो पटक पाउँदैछु। प्रतिनिधि सभा त धेरै पल्ट त भाग लिइसकेको छु। तर मैले जुन जनताको प्रतिनिधित्व गरिरहेका छु जहाँबाट म चुनिएर आएको छु। त्यसका कुरा र राष्ट्रका कुराका बारेमा राष्ट्रिय सभामा चर्चा गर्नैपर्छ जस्तो मलाई लाग्छ। हुनत हामी यो संविधान बनाउँदै गर्दा तीन तहको सरकारको परिकल्पना गऱ्यौं। हामीले आन्दोलनमा भन्दै आयौं कि अब सिंहदरबारको अधिकार गाउँमा जानेछ। तर त्यसपछि एउटा साइकल पूरा गरिसक्दाखेरि पनि हामीले जनतालाई दिनुपर्ने अधिकारहरू, संविधानले जुन प्रदत्त गरेको छ त्यसलाई परिपूर्ण गर्न सकेको छैन, त्यसैले म आज के भन्न चाहन्छु भने ती सबै कुरालाई अब हामी यो राष्ट्रिय सभाबाट परिपूर्ति गर्नका लागि प्रतिबद्धता हामीले जाहेर गर्नैपर्छ , त्योभन्दा पनि ठुलो कुरा के छ भने हामीले जुन दिन यो देशमा जनताका लागि परिवर्तनको आह्वान गऱ्यौं त्यो दिन हामीले सोचेका थिएनौं कि राष्ट्रको स्थिरता, यो राष्ट्रियता, राष्ट्रमा स्थिरता आउला अनि संघीय लोकतान्त्रिक गणतन्त्र संविधान बनाउँदै धेरै बाधा अवरोधहरू थिए। हामीलाई धेरै बाधा अवरोध बेहोर्नु परेको थियो। त्यसको बावजुद पनि हामीले हाम्रै प्रतिनिधि मार्फत हाम्रै बलमा नेपाली जनताको भावना अनुसार हामीले संघीय लोकतान्त्रिक गणतन्त्र संविधान बनायौं र आज त्यसै अन्तर्गत हामी काम गर्दैछौं। र त्यसै अन्तर्गत हामी निर्वाचित भएर प्रतिनिधि सभामा, राष्ट्रिय सभामा बसेका छौं। यो दायित्त्व हामीले पूरा गर्नैपर्छ। जुनबेला योभन्दा अघिल्लो निर्वाचन बनाउँदै गर्दा हामीले के भनेका थियौं भने यो देशमा अहिले पनि संघीय लोकतान्त्रिक गणतन्त्र संविधान बलियो हुन सकेको छैन। संविधान बनाउँदै गर्दा योभन्दा पहिलेको संविधानमा प्रधानमन्त्रीलाई संसद भङ्ग गर्ने अधिकारहरू थिए। त्यसका कारणले गर्दा ४६ साल पछिको संविधानमा हामीले धेरै दुःख पायौं। पाँच वर्ष कार्यकाल कुनै पनि प्रधानमन्त्रीले चलाउन सक्नु भएन। अब यो देशमा अस्थिरता हुनुहुँदैन, अब नेपाली जनताले

चाहेका नेपाली जनताले रोजेका प्रतिनिधिले समय अबधिभरि शासन गर्न पाउनुपर्छ भनेकै आधारमा हामीले अहिले संघीय लोकतान्त्रिक गणतन्त्र संविधान बनायौं। तर त्यो संविधान घोषणा भइसकेपछि सरकार बन्यो सरकार बनेन भनेको हैन। जनताले रोजेर प्रतिनिधि सभामा सांसदहरू पठाए तर के संविधान अनुसारको काम हामीले गऱ्यौं। हामीले संविधान अनुसारको काम गरेनौं। असमयमा, असान्दर्भिक रूपमा हामीले संसद भंगले गर्दै गऱ्यौं। जसले गर्दा नेपाली जनताले आन्दोलन गरे र आन्दोलन गरेर फेरि पनि हामीले गठबन्धनको सरकारहरू बनायौं। गठबन्धनको सरकार बनाउँदै गर्दा हामीले जुन निर्वाचनको कुरा गरेका थियौं। त्यो निर्वाचन समयमा हुन सकेको थिएन तर पनि (अध्यक्ष महोदय मलाई अलिकति समय माग्न म चाहन्छु।) तर चाहिँ गरेर त्यसलाई व्यवस्थित गरेर संविधानको चाहिँ गरेर विश्वास नेपाली जनतामा जो थियो र छ। त्यो नटुटोस् भनेर हामीले संविधानलाई अगाडि सार्ने कोसिस गऱ्यौं र त्यसै आधारमा हामीले सरकार बनाउँदै गयौं। आज यो देश अस्थिरताको बाटो लग्यो, यो हाम्रो लागि सुखद् कुरा होइन। हामीले हिजो पनि अस्थिरताको बाटो भोग्दै गर्दा नेपाली जनताले धेरै दुःख भोग्नु पऱ्यो। ७० वर्ष पछि हामीले संविधान सभाबाट संविधान बनायौं। तर त्यसलाई अहिले पनि हामी व्यवस्थित गर्नसकेका छैनौं। यो सबै हाम्रो कमीकमजोरी हो। यो कुरालाई हामीले मनन गर्नै पर्छ। म आज यो राष्ट्रिय सभामा के भन्न चाहन्छु भने जुन दिशातर्फ अहिले चाहिनि गएर गठबन्धनको चाहिँ परिवर्तन गरिएको छ। र अस्थितरताको बाटो तिर जाँदै छ। त्यो नहोस् भन्ने कुरा म आग्रह गर्दै म आफ्ना कुरा यहीँ टुङ्ग्याउँछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय किरण बाबु श्रेष्ठ। सयम ५ मिनेट।

(१४:१९ बजे) **<u>माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काँग्रेस)</u>**:- यस गरिमामय सभाका सम्माननीय अध्यक्ष महोदय, यहाँ उपस्थित सम्पूर्ण माननीय सदस्यज्यूहरू, आज पहिलो पटक राष्ट्रिय सभाको रोष्टममा उभिएर बोल्ने जुन अवसर प्राप्त भएको छ। यस अवसरमा प्रजातन्त्रको लागि सहादत प्राप्त गर्ने हाम्रा ती अमर सहिदहरूप्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। यसका साथसाथै यो अवसरसम्म ल्याइपुऱ्याउनको लागि आजीवन सङ्घर्ष गर्नुहुने हाम्रा महान् नेताहरूप्रति पनि म आज स्मरण गर्न चाहन्छु, उहाँहरूप्रति श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। आज मैले महसुस गरेको छु कि मैले मेरो राजनीतिक जीवनमा ४०-४५ वर्षको राजनीतिक जीवनमा यो मुलुकको सेवा गर्ने, राष्ट्र र जनताको हितमा काम गर्दै आएको कार्यमा अहिले थप जिम्मेवारी प्राप्त भएको महसुस गरेको छु। र जनताको बलिदानीपूर्ण सङ्घर्षबाट नेपालले, नेपाली

जनताले संविधानसभामार्फत संविधान निर्माण गऱ्यौं। लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गरिसकेपछि अब हामी यसको कार्यान्वयनको चरणमा छौं। यो कार्यान्वयनको चरणमा जाँदै गर्दा अहिले एउटा अवधि छ वर्ष पूरा गऱ्यौं। राष्ट्रिय सभाले ६ वर्षे अवधि पूरा गरिसकेको छ। यस अवसरमा २० जना सदस्य साथीहरू जो यहाँबाट बिदा भएर जानुभएको छ। उहाँहरूले गरेका राम्रा कामहरूको निरन्तरता दिँदै, अब आउने हामी आज १९ जना सदस्यहरू थपिएका छौं। हामी १९ जना सदस्यहरूले अझ बढी उत्तरदायीपूर्ण, अझ बढी अनुशासित, अझ बढी उपलब्धिपूर्ण काम गर्ने प्रतिबद्धता र वाचा पनि व्यक्त गर्न चाहन्छु। र साथीहरू यहाँ अघि पूर्ववक्ता साथीहरूले हामीलाई स्वागत र बधाई दिनुभयो। र यो स्वागत र बधाई दिने साथीहरू पार्टीहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु। र म यसै अवसरमा मलाई यहाँ निर्वाचित गरेर पठाउने मेरो प्रदेशका सम्पूर्ण मतदाताहरूलाई पनि म यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु। साथीहरू, माननीय सदस्यज्यूहरू, अध्यक्ष महोदय, आज यहाँ उभिँदै गर्दा धेरै लामो कुरा गर्नु छैन। ६ वर्ष हाम्रो पदावधि छ, ६ वर्षमा धेरै कुराहरू गर्नुछ, मुलुकको समसामयिक विषयमा मुलुकको विकासको विषयमा जनताको हितको विषयमा तर एउटा कुरा आज हामी राजनीति गरेर आएका हौं। राजनीतिले कुन दिशा मोड लिएको छ, यो विषयमा अब समीक्षा गर्ने, विश्लेषण गर्ने अवस्थामा हामी आइपुगेका छौं। राजनीति, म एउटा राजनीतिक शास्त्रको विद्यार्थी हुँ। राजनीतिको अध्ययन गर्दा मैले एउटा शब्दमा पढेको थिएँ एउटा विद्वान्ले भनेको politics is a dirty game , म के भनेको होला भन्थें, समय बित्दै जाने क्रममा होइन रहेछ। हाम्रा आदर्श पुरुषहरू, हाम्रा नेताहरू बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जस्ता नेताहरूको आदर्श देखेर हामी राजनीतिमा होमियौं। जेलनेल यातना पायौं। तर विस्तारै विस्तारै अहिले ..... संविधान कार्यान्वयनको पछाडि देखिएका गतिविधिहरूले कतै त्यतैतिर त हामी engage भएका छैनौं, त्यही दिशातर त गइरहेका छैनौं। यो प्रश्नहरू उठिरहेका छन्। त्यसैले politics is a dirty game होइन, politics is a best work by the best man बन्नेतर्फ हामी सबै लाग्न सकौं। र बीपी कोइरालाले भनेको राजनीति कुनै गहन विषय होइन, राजनीतिक कपट अनि दाउपेच पनि होइन, राजनीतिक मुखले एउटा कुरा बोल्ने, मनमा एउटा कुरा राख्ने पनि होइन। सबैभन्दा ठुलो कुरो नैतिकता हो। नैतिकताको आधारमा राजनीति गर्न सकौं र यो मेरो क्षमता, मेरो योग्यता, मेरो अनुभव यो राष्ट्रिय सभामा दिन चाहन्छु। मलाई राष्ट्रिय सभाले प्रयोग गरोस्, मलाई काम दियोस्, म काम गर्न आएको हुँ। र मेरो यति भनाइ राख्दै सम्पूर्ण नवआगन्तुक साथीहरूलाई पनि पुनः मेरो तर्फबाट पनि बधाई ज्ञापन गर्दै यो बोल्ने अवसर प्राप्त भएकोमा हार्दिक धन्यवाद दिन्छु। धन्यवाद। जय नेपाल।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य कृष्ण बहादुर रोकाय। समय ५ मिनेट।

(१४:२५ बजे) **<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, म सर्वप्रथम मलाई निर्वाचित गरेर पठाउनुहुने कर्णाली प्रदेशका प्रदेश सभाका माननीयज्यूहरू, नगरपालिका प्रमुख र अध्यक्ष, उपाध्यक्ष गाउँपालिका अध्यक्ष, उपाध्यक्षहरूलाई म यो सम्मानीत सदनमार्फत उहाँहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु, आभार व्यक्त गर्न चाहन्छु। र म यो ६ वर्षको कार्यकालमा तपाईंहरूप्रति उत्तरदायी बन्नेछु भन्ने कुरा पनि म यहाँ प्रतिबद्धता जाहेर गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा आफैंमा एउटा स्थायी सभाको रूपमा स्थापित भएको छ। यसलाई हामीले एउटा बौद्धिक सभाको रूपमा पनि हामीले चिन्ने गरेका छौं। र सँगसँगै यसमा बौद्धिक व्यक्तित्वहरूले विभिन्न त्यो खालको एउटा विज्ञता हासिल गरेका व्यक्तिहरूले कानुन निर्माणमा, त्यो खालको एउटा देशको नीति राम्रो बनाउँछन् र राम्रो कानुन बनाउँछन् भन्ने कुरा पनि अपेक्षा गरिएको हुन्छ। मलाई लाग्छ आज नेपाली जनताले हामीबाट र यो राष्ट्रिय सभाबाट यही अपेक्षा गरेका छन् जस्तो मलाई लाग्दछ। त्यसकारण हामीले त्यो अनुरूपको काम गर्ने छौं, त्यो अनुरूपको व्यवहार गर्ने छौं र त्यो अनुसार हामीले यो राष्ट्रिय सभालाई गरिमामय बनाउनेछौं भन्ने कुरा पनि म यहाँ राख्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यसको एउटा आफ्नै खालको गरिमा छ। यो राष्ट्रिय सभाले एउटा समावेशीलाई पनि एउटा सुनिश्चितता गरेर आएको छ। त्यसकारण संविधानको रक्षा र संघीयताको कार्यान्वयनमा प्रभावकारी भूमिका यो राष्ट्रिय सभाले खेल्नुपर्छ भने म अनुरोध गर्न चाहन्छु। आज राष्ट्रिय सभाको औचित्यताको बारेमा पनि मान्छेले प्रश्न उठाएका छन्। र यो राष्ट्रिय सभाको बारेमा प्रश्न उठ्नु भनेको संघीयताको बारेमा पनि प्रश्न उठ्नु र संघीयतासँग पनि यो सिधा कुरा जोडिन्छ। त्यसकारण तसर्थ राष्ट्रिय सभालाई एउटा संघीयताको सभाको रूपमा स्थापित गर्नुपर्छ भन्ने म यहाँ अनुरोध गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, प्रदेशका माननीय र स्थानीय जनप्रतिनिधिद्वारा निर्वाचित सभा भएकोले प्रदेश र स्थानीय तहका लागि वर्तमान नियम कानुनमा कहाँ निर कमी छ, ती कमी भएका कानुनहरूलाई कानुन निर्माण गर्नेतर्फ केन्द्रित हुनुपर्छ। र आज संघीयतालाई बलियो बनाउने हो भने प्रदेशलाई सशक्त बनाउनुपर्छ। प्रदेशलाई बलियो बनाउनुपर्छ, प्रदेशलाई अधिकारसम्पन्न गराउनुपर्छ भन्ने कुरा म आग्रह गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, संविधानमा उल्लेख गरिएका तीन तहका सरकारका साझा अधिकारका सूचीका विषयहरूमा कानुन बन्न सकेका छैनन्। यसमा एकल अधिकार र साझा अधिकारका विषयमा सन्तुलन मिलाएर काम निर्माण गरेर त्यत्तिकै जरुरी मौलिक हकसम्बन्धी कानुन बने तापनि मौलिक हकको पूर्ण प्रत्याभूति हुनेगरी कानुन बन्न सकेका

छैनन्। सम्माननीय अध्यक्ष महोदय, यसतर्फ पनि म यो सम्मानीत सदनलाई ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै मानव सूचकाङ्कको आधारमा पछि परेको तर प्रचुर सम्भावना भएको कर्णाली प्रदेश आज कर्णाली प्रदेशलाई हेर्ने दृष्टिकोण र आज पनि राज्यले सकारात्मक दृष्टिले हेर्न सकिरहेको छैन। त्यसकारण कर्णाली प्रदेशको समृद्धि र समग्र विकासको लागि राज्यको धारणा, राज्यले त्यो खालको धारणा बनाउनुपर्छ भन्ने कुरा म आग्रह गर्न चाहन्छु। र सँगसँगै आज संविधानमा विशेष क्षेत्र घोषणा गर्ने व्यवस्था चाहिँ संविधानमा भएको हुनाले कर्णाली प्रदेशको समग्र विकास कर्णाली प्रदेशको समृद्धिको लागि कर्णाली प्रदेशलाई विशेष क्षेत्र घोषणा गर्नुपर्छ भन्ने कुरा जोडदार माग गर्न चाहन्छु। र अन्तमा फेरी पनि म मलाई यो चाहिँ केरे निर्वाचित गरेर पठाउने कर्णाली प्रदेशका मतदाता र मलाई यो विश्वास गरेर पठाउने मेरो पार्टी नेतृत्वलाई म धेरै धेरै धन्यवाद आभार व्यक्त गर्दै म यहाँबाट विदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य घनश्याम रिजाल। समय ५ मिनेट।

(१४:२९ बजे) **<u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरू, सर्वप्रथम म यो गरिमामय सदनमा संघीय लोकतान्त्रिक गणतन्त्र सहित आजको यो व्यवस्था र संविधानका निमित्त जीवन उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। र यो व्यवस्थाको निमित्त अथक योगदान गर्ने सबै अग्रज योद्धाहरूप्रति हार्दिक सम्मान गर्न चाहन्छु। अध्यक्ष महोदय, बागमती प्रदेश अन्तर्गत हिमाली जिल्ला दोलखामा जन्मेको म अल्पसङ्ख्यक सुरेल, जिरेल, थामी साथै शेर्पा, तामाङ, नेवारलगायत विभिन्न जातजाति बसोबास गर्ने संस्कृति र परम्पराको धनी दोलखा भीमसेन, सैलुङ, कालिञ्चोक, जिरी, हनुमन्ते डाँडा, गौरीशंकर हिमाल, बिगु गुम्बा जस्ता धार्मिक एवं सांस्कृतिक रूपले भरिपूर्ण दोलखा जिल्ला जसले पर्यटनको माध्यमद्वारा राज्यको अर्थतन्त्रमा योगदान पुऱ्याउनलाई लगानी र प्रवर्धनको आश गरिरहेको छ। माथिल्लो तामाकोशी जसले सिङ्गै देशलाई उज्यालो दिइरहेको छ भने विगुको ..... ढुङ्गा, बागमती फिल्मसिटी, दोलखाको फिल्मसिटी, म्याग्नेसाइट उद्योग लगायत तामाकोशी ती आयोजनालगायतले लगानी र प्रवर्धन कुरिरहेको छ। तसर्थ भीमबहादुर तामाङ, पशुपति चौलागाईं, रितबहादुर खड्का जस्ता निष्ठावान् व्यक्तिहरू जन्माएको दोलखा जिल्लाको प्रतिनिधिको हैसियतले यो सदनमा बोल्न पाउँदा मलाई गर्व महसुस भएको छ। माननीय सदस्यज्यूहरू, आज हामी गणतन्त्रको यात्रामार्फत समाजवादको सपना देखिरहेका छौं। राजनीतिक व्यवस्था समाज बदल्नका लागि हो। तर

हामीले स्थापना गरेको व्यवस्थाले जनताको जनताको जीवनस्तर कति बदल्न सक्यौं एकपटक समीक्षा गर्ने बेला भएको छ। हाम्रो सबै हाम्रो समाजमा सबैभन्दा बढी दुःख महिलाको हो, दलितको हो, तराई र कर्णालीको हो। सम्पूर्ण किसान मजदुर र भूमिहीनहरूको हो तथा आमाको काखमा बसेर किसान जीवन जिउने सपना माथि राख्दै रुँदै रुँदै परदेशिने युवाहरूको हो। आफ्नै देशमा ऋण धन गरेर केही काम गरौं, उद्योग स्थापना गरौं भन्ने नौजवानहरूको हो। तर महिलाहरूको महिलाहरूको दुःख उस्तै छ। अहिले पनि लैङ्गिक विभेदका कारण मारिनु परेको छ। निर्मला पन्तहरूले न्याय कुरिराख्नु परेको छ। दलितहरू स्वाभिमानपूर्वक नागरिक भएर बाँच्न सकिरहेका छैनन्। अजित मिजारहरूको लासले टिचिङ हस्पिटलमा न्याय पर्खिरहेको छ। देशमै केही गरौं भन्ने सपना बोकेका युवाहरूले आफूलाई जिउँदै जलाउनु परेको तितो यथार्थ हामीहरूसँग छ। त्यसैले औसतमा भन्ने हो भने नेपालमा कुनै यस्तो घरपरिवार छैन। जो विदेश नगएको होस् वा जाने तरखर नगरेको होस्। हामीले हरेक दिन हरेक साँझ मोबाइलका स्क्रिनहरूमा हेरेर घरमा बस्ने र परदेशीसँगसँगै आँसु नझारेको होस्। हामीले remittance त भित्र्यायौं अध्यक्ष महोदय तर त्यो remittance आँसुको तालमा तैरेर आएको छ। त्यसैले त हामी माननीयज्यूहरूलाई यी तमाम दुःख नजर अन्दाज गर्ने छुट छैन। हामीलाई थाहा छ समाजको यो सबै दुःख, विभेद आजै आएका होइनन्। सदियौंदेखि विकास हुँदै स्थापित भएर आएको हो। यदि स्थापित सबै मूल्य मान्यतालाई भत्काउँदै समाज नयाँ जगसहित दुःखीहरूको पक्षमा लड्ने हामी प्रण गरौं। म पनि त्यही प्रतिबद्धता व्यक्त गर्दछु। अन्त्यमा मलाई यो सदनमा, राष्ट्रिय सभाको सदनमा पठाउनु हुने मेरो पार्टीका अध्यक्षलगायत नेताज्यूहरूप्रति हार्दिक धन्यवाद र कृतज्ञता व्यक्त गर्दै मलाई निर्वाचित गराउने माननीय सदस्यज्यूहरू, प्रमुख, नगरपालिकाका प्रमुख, उपप्रमुखहरू, उपमहानगरपालिका, महानगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुखहरूलाई धन्यवाद ज्ञापन गर्दै सबै नवनिर्वाचित माननीयज्यूहरूलाई शुभकामना दिँदै नवनिर्वाचित मन्त्रिमण्डलका साथीहरूलाई, मन्त्रीज्यूहरूलाई पनि हार्दिक शुभकामना, सफल कार्यकालको शुभकामना दिदै आफ्नो भनाइ यहिँ टुङ्ग्याउँछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य झक्कु प्रसाद सुवेदी। समय ५ मिनेट।

(१४:३५ बजे)**<u>माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज खुसी नै लागेको छ। खुसी यस मानेमा लागेको छ कि म धेरै तलबाट, भुईंतहबाट निर्वाचित हुँदै आएको व्यक्ति। म कुनै दिन एकदम भरखरको युवा हुँदा

गाविसको अध्यक्षमा निर्वाचित भए। ३० वर्ष अगाडि जिल्ला विकास समितिको सभापति थिएँ। त्यसबेलाका सभापतिज्यूहरू अहिले यहाँ माननीय सदस्यको रूपमा यहीं उपस्थित हुनुहुन्छ। हाम्रो दायाँतर्फ, हाम्रा सहयात्रीहरू संविधानसभामा असाधारण जितका साथ पनि म त्यहाँ उपस्थित भएँ र आज राष्ट्रिय सभामा पहिलोपटक यहाँ छोटो समयमा पाँच मिनेटमा बोल्न पाउँदा मलाई धेरै खुसी लागेको छ। र हामी आउँदा आउँदै यहाँ सरकार बदलिएको छ। यहाँ माननीयज्यूले आफ्ना धारणा राख्ने क्रममा, यहाँ राख्नु पनि भो। म सर्वप्रथम त अहिलेको सरकार हाम्रो पार्टीका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको अध्यक्षतामा बनेको सरकार छ। त्यो सरकारको सफलताको म शुभकामना दिन चाहन्छु। त्यो सरकारले यो देशमा भएका विकृतिको अन्त्य गरोस्, विसङ्गतिको अन्त्य गरोस्। सारा नेपाली बाआमाका छोराछोरीहरू खाडी राष्ट्रमा भौंतारिई राखेका छन्। तिनीहरूको नेपालमै व्यवस्थापन गर्नेतिर लागोस्। यो मेरो पहिलो शुभकामना। दोस्रो विषय सरकारहरू बन्छन्, परिवर्तन हुन्छन्। हामी हिँड्दा पनि त दुई खुट्टाले हिँड्छौं। कहिले दायाँ कदम अगाडि चाल्छौं, कहिले बायाँ कदम अगाडि चाल्छौं। चार दिन अगाडिसम्म देशले सरकारले दायाँ कदम चाल्यो। चार दिनदेखि बायाँ चाल्यो। यसलाई स्वाभाविक रूपमा लिनुपर्छ। हिजो वामपन्थी र लोकतान्त्रिकहरूको सरकार थियो। अहिले वामपन्थीहरूको वर्चस्व भएको देशभक्त लोकतन्त्रवादीहरूको सरकार छ। हामीलाई लाग्छ, मैले भनिसकें नेपालका यावत् समस्याहरू समाधान गर्नेमा यसको निर्णायक भूमिका हुनेछ। अब हाम्रो भुमिका, राष्ट्रिय सभाका सदस्यहरूको भूमिका, हाम्रो प्रमुख भूमिका भनेको कानुन निर्माण गर्ने हो। हाम्रो भूमिका विकास निर्माणसँग नै जोडिएको छ किनभने हामी जनताका प्रतिनिधि हौं। जनताबाट निर्वाचित भएका प्रतिनिधि हौं। त्यसको साथसाथै हाम्रो भूमिका राजनीतिक भूमिका, हामी राजनीतिक प्राणी हो विभिन्न पार्टीबाट यहाँ उपस्थित छौं। हामीले यो तीनटै भूमिका हामीले पूरा गर्नुपर्नेछ। र म जोडदारका साथ यहाँ के राख्न चाहन्छु भने प्रतिनिधि सभा र यो राष्ट्रिय सभा फरक हो। यसको नाम महासभा थियो कुनै दिन, २०१५ सालमा यसको नाम महासभा थियो। प्रतिनिधि सभाको छायाँ राष्ट्रिय सभा बन्न हुँदैन। हामीले बन्न दिन हुँदैन। हाम्रो प्रमुख भूमिका यही हुनुपर्छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य पदम बहादुर परियार। समय ५ मिनेट।

(१४:४० बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय सर्वप्रथम हालै गठन भएको नेपालको मन्त्रिपरिषद्का सम्माननीय प्रधानमन्त्री माननीय

मन्त्रीज्यूहरूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। नेपालको संघीय संसद राष्ट्रिय सभाको आज फागुन २४ गतेको गरिमामय सभामा पहिलोपटक उभिएर बोलिरहँदा म केही भावुक भएको छु, उत्साहित पनि भएको छु र जिम्मेवार महसुस पनि गरिरहेको छु। सर्वप्रथम नेपाली जनताको लोकतन्त्र स्वतन्त्रता प्रगति र मर्यादित अनि सम्मानित जीवन बाँच्ने सपना साकार पार्न हुकुमी र तानाशाही शासनको विरुद्ध आफ्नो ज्यानको कुनै प्रवाह नगरी हामीले हाल बाँचेको खुल्ला र लोकतान्त्रिक समाज निर्माण गर्न आफ्नो रगत पसिना बगाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात नेपाली सपुतहरूप्रति शिर झुकाई उच्च श्रद्धा व्यक्त गर्न चाहन्छु। यस्तो सुन्दर, समावेशी, गणतान्त्रिक, लोकतान्त्रिक नेपालको संविधान २०७२ को जगमा म जस्तो युवा र पीडितको सामान्य कार्यकर्ता पनि सम्मानित राष्ट्रिय सभामा प्रतिनिधि बन्न सक्ने यो व्यवस्था निर्माणमा योगदान गर्ने सम्पूर्ण अग्रज नेतागणहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। मलाई विश्वास गरी राष्ट्रिय सभामा उम्मेदवार बनाउनु भएकोमा मेरो पार्टी नेपाली कांग्रेस र सम्पूर्ण संसदीय बोर्डप्रति आभार प्रकट गर्न चाहन्छु। माघ ११ गते भएको निर्वाचनमा मलाई विजयी गराउनु भएकोमा गण्डकी प्रदेशका सम्पूर्ण मतदाताहरूप्रति र तनहुँ एवं देशैभरका अग्रज तथा सम्पूर्ण साथीभाइहरू प्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, आज म २०४४ साल माघ महिनातिरको एक दिन सम्झिरहेको छु। जात व्यवस्थाको जाँतोमा पिसिएका मेरा स्वर्गीय पिता कृष्णबहादुर भट्टराई परियारले हात समाउँदै, बुद्धिखोला तार्दै जलदेवी स्कुलमा भर्ना गर्दाको क्षण म अहिले झल्झली सम्झिरहेको छु। सायद मेरो राजनीतिक यात्रा त्यहीँबाट सुरु भयो। कलेज पढ्न नसकेर लगभग छाड्ने अवस्थामा पुगेको मलाई ५५ वर्षको उमेरमा पुगेकी मेरी आमाले ईंट्टा भट्टामा गएर काम गरेर विद्यालय कलेज पढाइदिएको पनि म यहाँ स्मरण गर्न चाहन्छु। अपाङ्गता भएका सन्तानको खुसीको भविष्यका लागि जीवनभरि खट्ने सम्पूर्ण मातापिता र अभिभावकहरूप्रति म नमन गर्न चाहन्छु। सम्माननीय उपाध्यक्षज्यू, हामी सबैलाई थाहा छ राष्ट्रिय सभा एक स्थायी सदन हो। यो पढेर, परेर र गरेर जानेका बुझेका विज्ञहरूको सदन हो। हामी फरक फरक दल राजनीतिक पृष्ठभूमिबाट आएको भएतापनि हाम्रो उद्देश्य साझा छ। देशमा केही पनि भएन। यहाँ बसेर केही गर्न सकिंदैन। अब केही हुँदैन जस्ता निराशावादी नेपाली सोचलाई संसदमा हामीले खेल्ने सक्रिय भूमिकाबाट नेपाली जनतामा एउटा नयाँ आशाको प्राण भर्नु आजको हाम्रो मुख्य जिम्मेवारी भएको हामी सबैले मनन गर्नको लागि अनुरोध गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देश नेपाल सुन्दर छ। हाम्रो विविधतायुक्त समाज हाम्रो गहना हो। हामी एक्काइसौं शताब्दीको मानव अधिकारमा आधारित लोकतान्त्रिक समाजमा

छौं। तर यसो भनिरहँदा विविधताकै नाममा नेपाली समाजका दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी, महिला, आदिवासी जनजातिलगायत सदियौँदेखि परम्परागत रूपमा धार्मिक, क्षेत्रीय, लैङ्गिक, जातीय तथा अन्य पहिचानका आधारमा पछाडि पारिएका समुदायको संविधानले परिकल्पना गरेको समावेशी समाज सिद्धान्तलाई हामीले हृदयङ्गम गर्दै सोही अनुसार नीति र थिति बसाल्न सकेमा मात्र विविधतायुक्त हाम्रा, बसाल्न नसकेमा, त्यो विविधता हाम्रा लागि घातक पनि हुन सक्ने जोखिमलाई ध्यानदिनुपर्ने म सविनय अनुरोध गर्न चाहन्छु। अन्त्यमा, नेपाल देश हामी सबैको हो। यो देश को समुन्नतिको लागि हामी सबैले जिम्मेवारीपूर्वक योगदान गर्नु आजको आवश्यकता हो। संघीय सांसदको सदस्यको रूपमा अग्रजहरूको मार्गदर्शन, संघीय संसदीय अभ्यासबाट सिक्दै र यो देशको सर्वोपरि हितलाई शिरमा राखेर म सधैं सक्रिय समन्वयकारी र जिम्मेवार भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दै मेरो छोटो भनाइ अन्त्य गर्न चाहन्छु। हस् त धन्यवाद, जय नेपाल।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्य पूजा चौधरी। समय ५ मिनेट।

**(१४:४५ बजे)** <u>**माननीय श्री पूजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)**</u>ः- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाका हाम्रा अग्रजहरू साथै नवनिर्वाचित राष्ट्रिय सभाका सदस्यहरूमा म पूजा चौधरी र मेरो पार्टीको तर्फबाट न्यानो अभिवादन, नमस्कार, जय मातृभूमि। हुन त हामीलाई आगामी सोच र अपेक्षाको बारेमा पाँच मिनेट टाइम दिइएको छ तर मैले आज राष्ट्रिय सभा सदस्यको रूपमा देश र जनताप्रति समर्पित भई काम गर्नका लागि थप जिम्मेवारी पाएकी छु। तर यो चुनौतीपूर्ण र सङ्घर्षपूर्ण काम हो। र यो चुनौतीलाई देश र जनताको हितमा काम गर्ने अवसरको रूपमा पनि मैले लिएकी छु। नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक भएको हुनाले सबैको समान अधिकार र पहिचानको निमित्त, समावेशिताको मूल मर्म र भावना अनुसार नीति, नियम निर्माण गराउने पक्षमा म यहाँ सबैलाई अनुरोध गर्न चाहन्छु। साथै जनताको पक्षमा संविधान संशोधन, ऐन, कानुन निर्माण संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता र समन्वयको भावना विकास गराई राष्ट्रिय एकता बलियो बनाउन सबैलाई म पहल गरिदिनु हुनको लागि म हार्दिक अनुरोध गर्दछु। र म मेरो, पूजा चौधरीको तर्फबाट पनि समावेशितालाई अगाडि र यो संघीयताको मूल मर्मलाई अगाडि बढाउनको लागि मेरो पहल रहनेछ। साथै म मधेस प्रदेशबाट निर्वाचित भएर आएको हुनाले यहाँ मधेस प्रदेशप्रति जुन हेरिने दृष्टिकोण छ, त्यो दृष्टिकोणलाई पनि अलिकति यो काठमाडौंमा हेरिने दृष्टिकोण जस्तै हेरिदिन म सबैजनालाई म

विनम्र अनुरोध गर्दछु। र मधेस प्रदेशको मुद्दालाई जस्तो चुरे भावरको कुरा आउँछ अथवा अहिले एकदमै आइरहेको मिटरब्याजको अथवा सहकारी पीडितहरूको मुद्दाहरूलाई पनि म सरकारसमक्ष यसलाई छिटो रूपमा हेरिदिनको लागि म विनम्र अनुरोध गर्दछु। देशमा विद्यमान विकृति, विसङ्गति, भ्रष्टाचार असुरक्षा र अव्यवस्थाको अन्त्य गरी सुशासन र सदाचारिता विकास गर्न मेरो भूमिका रहनेछ भन्ने पनि म जानकारी गराउन चाहन्छु। सार्वजनिक हितका लागि नीति, नियम निर्माण साथै दीर्घकालीन समस्या समाधान, युवा पिँढीहरूको लागि देशमा नै रोजगारीको व्यवस्था, आधारभूत शिक्षा र स्वास्थ्यलाई स्तरीय र सर्वसुलभ बनाई सबैको पहुँचमा स्थापित गर्न, उद्योगधन्दा, कृषि, पर्यटन सहकारी आदिको माध्यमबाट उद्यमशीलता विकास गरी रोजगारीको अवसर सिर्जना गर्न पनि म सबैमा विनम्र अनुरोध गर्दछु। श्रमजीवीहरूलाई काम अनुसारको पारिश्रमिकको व्यवस्था गर्न पनि जोड दिन पहल गर्न चाहन्छु। उत्पीडित समुदायको पहिचान र अधिकार स्थापित गर्न तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई मर्यादित जीवनका साथै सामाजिक सुरक्षा, महिला तथा यौनिक अल्पसङ्ख्यकहरूलाई राज्यको समान अधिकार दिलाउन पनि पहल गर्नेछु। साथै जनजाति, थारु, मधेसी, मुस्लिम, दलित तथा पिछडिएका वर्गहरूलाई सम्मानजनक पहिचान दिलाउन मेरो अहम भूमिका रहनेछ भन्ने जानकारी गराउन चाहन्छु। धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य मनरूपा शर्मा। समय ५ मिनेट।

**(१४:५० बजे)** <u>**माननीय श्री मनरूपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्षज्यू र सबै माननीय सदस्यज्यूहरू, सर्वप्रथम म गण्डकी प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित भएर यस गरिमामय सभामा आफ्नो मन्तव्य राखिरहँदा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि आफ्नो जीवनको आहुति दिने र विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्ने ती महान् सहिदहरू र यो १० वर्षको जनयुद्धलगायत मधेश आन्दोलन, जनजाती र विभिन्न खालका आन्दोलनमा आफ्नो जीवन आहुति दिने ती सम्पूर्ण सहिदहरूप्रति हार्दिक मैले श्रद्धाञ्जली गर्न चाहन्छु र स्मरण गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु। र यो प्राप्तिका निम्ती बेपत्ता, जेलनेल र घाइते ती सम्पूर्णमा पनि मैले सम्मान गर्न चाहन्छु। आज जसरी मलाई नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रले यो गरिमामय पदमा राष्ट्रिय सभाको सदस्य दिएर निर्वाचित बनाएर मलाई पठाउने गण्डकी प्रदेशका मेयर, उपमेयर, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र गण्डकी प्रदेशका माननीय सम्पूर्णलाई मैले धन्यवाद दिन चाहन्छु। विशेषत म महिलाबाट म यहाँ उपस्थित भइरहेकी छु। जुन १० वर्षको जनयुद्धमा यो परिवर्तन गर्नको निम्ति मेरो रगत म

ती सम्पूर्णलाई मैले सम्झिरहेकी छु। र त्यहाँ मलाई माया गर्ने, यो पार्टी, उ पार्टी नभनीकन समग्र जुन मेरो शुभचिन्तकहरू हुनुहुन्छ, उहाँहरूलाई पनि मैले धन्यवाद दिन चाहन्छु। आज हामी यो बनाउनको निम्ति परिवर्तन गर्नको निम्ति जुन सङ्घर्ष गर्‍यौं साँच्चिकै हामी यहाँ उभिइरहँदा सबैको सम्मिश्रण छ। त्यसकारणले गर्दा पनि म एकातिर खुसी पनि भएकी छु। फेरि आज हामीले जुन सोचिरहेका छौं र जसरी हामी उभिइरहेका छौं र कानुन निर्माण गराउँदै गर्दा स्थानीय तह र प्रदेशमा अलि विवादितहरू अलि समस्या जटिलताहरू छन्। तिनको अन्त्य गर्नका लागि तपाई हामी लाग्नुपर्छ। सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा सार्वभौम, सरकारको माथि स्थायी प्रकारको सदन हो। यस सभा सदस्यको हैसियतले यस सदनको गरिमामय बढाउन र भूमिकालाई प्रभावकारी बनाउन दलीय चेतना भन्दा माथि उठेर स्वतन्त्र र निष्पक्ष भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। साथै प्रतिनिधिसभाको तुलनामा राष्ट्रिय सभाको भूमिका कमजोर भएको भन्दै राष्ट्रिय सभाका सवालमा उठ्ने गरेका टिकाटिप्पणीलाई ध्यानमा राखेर राष्ट्रिय सभा परिपक्क तथा विज्ञहरूको सभा, सदन भएकोले यस सदनलाई थप प्रभावकारी र जनउत्तरदायी बनाउने तथा राष्ट्रिय सवालका जटिल, संवेदनशील मुद्दाहरूमा उचित निकास दिने सक्ने सदनको रूपमा विकास गर्ने मैले आफ्नो ठाउँबाट भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछु। र जुन अहिले बनिरहेको छ, हामी राष्ट्रिय सभामा निर्वाचित निर्वाचित भएर आयौं, आउने वितिकै सरकार परिवर्तन भएको छ। (..... समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:-माननीय सदस्य रुक्मिणी कोइराला। समय ५ मिनेट।

(१४:५६ बजे) **<u>माननीय श्री रुक्मिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको सदस्यको हैसियतमा आज पहिलो दिन सभामा उपस्थित हुन पाउँदा अत्यन्तै खुसी लागेको छ। सर्वप्रथम इतिहासका कालखण्डहरूमा विभिन्न मितिमा भएका परिवर्तनका आन्दोलनमा जीवन गुमाउने ती महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। आजको दिनसम्म आउन धेरै अग्रजहरूले बाटो देखाउनु भयो। म उहाँ अग्रजहरू जस्तै पुष्पलाल, मनमोहन अधिकारी विशेश्वर प्रसाद कोइराला, मदन भण्डारी, साहाना प्रधान लगायतलाई सम्झन चाहन्छु। मलाई यो गरिमामय सभामा मतदान गरी निर्वाचित गर्नुहुने कोशी प्रदेशका प्रदेश सभाका माननीय सदस्यज्यूहरू, नगरपालिकाका प्रमुखज्यूहरू, गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यूहरूप्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु। मलाई उम्मेदवार बनाई निर्वाचित गराउन

सहयोग गर्नुहुने म आबद्ध भएको पार्टी नेकपा एमालेप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु। संघीय संसदको दुई सदन मध्येको माथिल्लो सदन राष्ट्रिय सभाले देश र जनताको हितमा विधि निर्माण गर्ने, कानुन बनाउने कुरामा योगदान पुर्‍याउँछ भन्ने मैले बुझेको छु। त्यस कार्यमा हामी सम्पूर्ण सभाका सदस्यहरू मन वचन र कर्मले लाग्नेछौं भन्ने मैले विश्वास लिएको छु। यहाँ अनुभवी माननीयज्यूहरू हुन्छ, मैले उहाँहरूबाट मैले धेरै कुरा सिक्ने छु भन्ने अपेक्षा लिएको छु। राष्ट्रिय सभा मर्यादित सभा हो। हामीले खेल्ने भूमिका पनि मर्यादित र परिपक्क नै हुनेछ भन्ने विश्वास पनि लिएको छु। राष्ट्रिय सभामा फरक फरक विचार राख्ने सांसदहरू छौं। तर देश हामी सबैको हो। देश र जनता सम्झिएर नीति, विधि र कानुन बनाउन हामी सबैले प्रण गर्ने छौं भन्ने मेरो बुझाइ छ। मैले यतिबेला शोषित, पीडित जनताहरू सम्झिरहेको छु। तिनै उत्पीडित जनताको पक्षमा सधैं उभिइरहने प्रण गर्दछु। महिला मुक्ति आन्दोलनमा लामो समय सङ्घर्ष गरेको नाताले महिलाहरूको हक र हितमा मेरो योगदान रहनेछ। राष्ट्रिय सभामा संविधानले सुम्पिएको दायित्व पूरा गर्न म अनवरत रूपमा लाग्नेछु। अन्त्यमा सत्तापक्ष वा प्रतिपक्ष जे भएपनि हामी जनताका प्रतिनिधि हौं। सत्ता त परिवर्तन भई नै रहन्छ नै तर हाम्रो भूमिका देशको समृद्धिको पक्षमा हुँदा हाम्रो पुस्ताले हामीलाई सधैंभरि सम्झिरहनेछ। त्यसकारण सम्पूर्ण सांसदहरूको सहकार्य र एकताबद्ध प्रयत्नले मात्र राष्ट्रिय सभाको गरिमाले उचाइ पाउनेछ भन्ने मेरो विश्वास छ। र "सुखी नेपाली, समृद्ध नेपाल" भन्ने जुन नारा छ, यो राष्ट्रको हितको निम्ति अति नै उपयुक्त नारा छ। यसलाई हामीले सफल पार्नको लागि हामी सम्पूर्ण राष्ट्रिय सभामा उपस्थित हुने जति छौं, सबैले एकजुट भएर लाग्नुपर्छ भन्ने मलाई विश्वास लागेको छ। र यही सोचका साथ हामी अघि बढौं भन्दै मेरो भनाइलाई, मेरो विचारलाई यहीं अन्त्य गर्न चाहन्छु। हस् त धन्यवाद। नमस्कार।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रेनु चन्द। समय ५ मिनेट।

**(१५:०१ बजे)** **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम जनयुद्ध लगायत विभिन्न समयमा अग्रगामी राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तनको लागि भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।ती आन्दोलनमा घाइते, अपाङ्ग हुनुभएका योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछु। संविधानसभाबाट जारी गरिएको नेपाली, नेपालको संविधानले नेपाललाई केन्द्रीकृत र एकात्मक शासन प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रूपान्तरण गर्‍यो। संविधानको व्यवस्था अनुसार शासन प्रणाली रूपान्तरण गर्ने र संघीय व्यवस्था कार्यान्वयन

गर्ने, ऐन निर्माण गर्ने गहन जिम्मेवारी राष्ट्रिय सभालाई छ। यद्यपि राजनीतिक एवं प्रशासनिक नेतृत्वमा रहेको केन्द्रीकृत मानसिकता संघीयता कार्यान्वयनको सबभन्दा ठुलो चुनौतीको रूपमा अगाडि आएको छ। त्यही मानसिकताका कारण संघीय प्रणाली नै गलत भएको भाष्य निर्माण भइरहेको छ। हामीले करिब २५० वर्ष केन्द्रीकृत र एकात्मक शासन व्यवस्था भोगेकै हो। त्यो व्यवस्थाले मधेसी, आदिवासी जनजाति, थारु, दलित, मुस्लिमलाई बहिष्करणमा पार्यो। महिलालाई विभेद गऱ्यो, कर्णाली सुदूरपश्चिमलाई क्षेत्रीय उत्पीडन गऱ्यो। व्यथितिको मात्र कुरा गर्ने तर विभेद, असमानता र अन्यायको अन्तको कुरा पटक्कै नगर्ने। populism मा विश्वास गर्ने केही नयाँ दल र केही जनप्रतिनिधि पनि प्रदेश आवश्यक छैन भन्ने तर्क गरिरहेको देखिन्छ। केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाको लाभ लिइराख्ने व्यक्तिलाई संघीयता आवश्यक नहोला तर विभेद र वाञ्चनामा परेका हामी के भन्छौं भने यो राष्ट्र त मेरो पनि हो तर यो राज्य मेरो भएन। त्यसैले संघीयता सभन्दा बढी कसैलाई आवश्यकता छ भने महिला, मधेसी मुस्लिम, दलित, थारु लगायतलाई छ। कर्णाली र सुदूरपश्चिमलाई छ। त्यसैले संविधानअनुरूप स्थानीय तह र प्रदेशलाई आफ्नो शासन र प्रशासन सञ्चालनको लागि कानुन निर्माण गर्ने कुरामा राष्ट्रिय सभा प्रतिबद्ध हुनुपर्छ। र यसमा पटक्कै ढिलाइ गर्नु हुँदैन। नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका आधारितमा हुनेछ भनिएको छ। तर साझा अधिकारको विषयमा स्पष्ट कानुन नबनाउँदा विशेष बजेट कार्यान्वयन तथा अनुगमनको सन्दर्भमा प्रदेश सरकार र स्थानीय तहले एकअर्कालाई निषेध गर्ने जसरी व्यवहार भइरहेको उदाहरण भेटिन्छ, त्यसले साझा अधिकारको विषयमा स्पष्ट कानुन निर्माण गर्न पनि सरकार र यस सदनको ध्यान जान आवश्यक छ 1 अहिले हामी pre budget का छलफलमा पनि छौं। संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने योजना र बजेटको सिमा निर्धारण गरिएमा संघ र प्रदेशले ससाना टुक्रे योजना पठाउने भन्ने स्थानीय तहको गुनासो पनि कम हुन्छ। साथै योजनामा दोहोरोपनाको समस्या पनि समाधान हुन्छ। अर्को महत्त्वपूर्ण पक्ष संघले प्रदेश र स्थानीय तहलाई गर्ने वित्तीय हस्तान्तरण, ससर्त अनुदानको मात्रा कम गरेर समानीकरण अनुदानको मात्रा बढाउने नीति अवलम्बन गर्न आवश्यक छ। अहिले राष्ट्रिय सभाको भूमिकाप्रति गलत भाष्य निर्माण गर्न खोजिँदैछ। त्यसको जवाफमा हामीले प्रभावकारी काम गरेर त्यसको जवाफ दिनुपर्ने हुन्छ। राष्ट्रिय सभाको विधायकी भूमिका वा watch dog को भुमिका जसलाई हामीले भन्ने गरेका छौं। यसलाई कमजोर बनाउने जो कोसिस भइरहेको छ। त्यसलाई संवैधानिक र कानुनी व्यवस्थाका बारेमा पनि अब शीर्ष नेतृत्व तहमा घनीभूत छलफल गरेर सुधार गर्न ढिला गर्नुहुन्न। र अन्तमा गणतन्त्र हाम्रा साना दुःखले आर्जेको होइन सबैलाई चेतना भया। राजतन्त्र ल्याउने स्वैर कल्पना, खयाली पुलाउ भन्छौं हामी, मा रमाउनेलाई यतिमात्र

भन्नसकिन्छ कि “ कितना अच्छा सपना हे, दारु पिकर देखा है।” राजतन्त्रलाई भरथेग गर्ने राजनीतिक, सामाजिक, आर्थिक संरचना प्रचण्डको नेतृत्वमा भएको १० वर्षको जनयुद्धले समाप्त पारिसकेको छ र राष्ट्रिय सभा सदस्यको रूपमा आफ्नो जिम्मेवारीमा पूर्ण निष्ठा र इमान्दारीका साथ निर्वाह गर्नेछु। मलाई यहाँ सदस्यको रूपमा निर्वाचित गरी पठाउनुहुने सम्पूर्ण मतदाता र आफ्नो पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रप्रति धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु। धन्यवाद। लाल सलाम।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय ५ मिनेट।

(१५:०६ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)**:- यस गरिमामय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय राजनीतिक दलका नेताहरू, माननीय सदस्यज्यूहरू, राष्ट्रिय सभा सदस्यको रूपमा निर्वाचित भई यस गरिमामय सभामा राष्ट्रिय सभाको सदस्यको रूपमा उपस्थित हुन पाउँदा गौरवान्वित छु। राज्यको अत्यन्तै ठुलो र महत्त्वपूर्ण जिम्मेवारी काँधमा आएको महसुस गरेकी छु। सर्वप्रथम त मेरो पार्टी नेपाली कांग्रेस र मलाई मतदान गर्ने लुम्बिनी प्रदेशका स्थानीय तह र प्रदेश तहका मताधिकारीज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। राष्ट्रिय सभा सदस्यको रूपमा मेरो भूमिका जिम्मेवार, जवाफदेहिता, मितव्ययिता, प्रभावकारी र रचनात्मक रहनेछ। सभा सञ्चालनमा सदस्यहरूले निर्वाह गर्ने भूमिकालाई गहन अध्ययन, अनुसन्धान र प्रशिक्षणले मर्यादित, नीतिगत, कानुनसम्मत, पारदर्शिता, जवाफदेहिता, प्रभावकारी भूमिका खेल्दछ। तसर्थ संसद सचिवालयले यस सम्बन्धी सहयोग पुऱ्याउने अपेक्षा राखेकी छु। नेपाली नागरिकहरूको धेरै ठुलो त्याग, तपस्या, सङ्घर्ष र बलिदानबाट जारी भएको नेपालको संविधानमा राजकीय सत्ता नेपाली जनतामा निहित रहेको उल्लेख भएको संविधानको मर्मअनुसार राष्ट्रिय सभा नेपाली जनताप्रति उत्तरदायी हुनुपर्दछ। संसदीय मर्यादालाई उच्च बनाउने सन्दर्भमा संविधानले नागरिकको स्वतन्त्रता, स्वाधीनता, सार्वभौम अधिकार, स्वाभिमानलाई प्रत्याभूत गर्न उल्लेख गरेका व्यवस्थाको कार्यान्वयनमा देखिएका व्यवधान हटाउन प्रभावकारी भूमिका खेल्ने मेरो योजना छ। हिमाल, पहाड, तराईका विकट बस्तीहरूमा बसोबास गर्दै आएका आम नेपाली नागरिक भुइँ मान्छेहरूले भोग्दै आएका सबै प्रकृतिका कठिनाइसँग नजिकबाट परिचित छु। तसर्थ आगामी दिनमा राष्ट्रिय सभा सदस्यको हैसियतले संविधानले दिएका सबै खाले अधिकारहरू नागरिकलाई दिलाउनका लागि मेरो योग्यता र क्षमताले भ्याएसम्मको सम्पूर्ण समय खर्चिनेछु। कसैको व्यक्तिगत लाभ र स्वार्थलाई केन्द्रित गराइएका नियम, कानुनको निषेध गर्ने,

फिर्ता गर्ने प्रयत्न गर्नेछु। तर नेपालको कूटनीतिक सम्बन्ध, सीमा विवाद सम्बन्धमा कुनै पनि पूर्वाग्रह नराखी राज्यको हितमा कार्य गर्नेछु। देशमा भइरहेको स्थिरता, वैदेशिक रोजगारप्रति आकर्षण नेपालको राज्य व्यवस्थाप्रति विकर्षणको कारणको खोजप्रति मेरो ध्यान जानेछ। महिला र बालबालिकाप्रति बढ्दो यौनजन्य हिंसा हत्यासम्बन्धी प्रचलित कानुनलाई परिमार्जित गरी हँदैसम्मको सजायको लागि मेरो पहलकदमी रहनेछ। कुशासन, खासगरी नेपालको वर्तमान परिस्थिति सुधारका लागि अत्यन्तै चुनौतीका रूपमा फैलिएको कुशासन खासगरी भ्रष्टाचारको रुखको जरा जस्तै फैलिएको यो भ्रष्टाचारको जालो तोड्न आफ्नो बुद्धि विवेक भरपुर उपयोग गर्दै लागिरहनेछु। अन्त्यमा मलाई यस गरिमामय राष्ट्रिय सभा सदस्यको रूपमा यस स्थानसम्म पुर्याउने मेरो पार्टी नेपाली कांग्रेसका पार्टी सभापतिलगायत आदरणीय नेताहरू र जनताका प्रत्यक्ष प्रतिनिधि, स्थानीय तह र प्रदेश तहका मताधिकारीज्यूहरूको भावनाको उच्च सम्मान र कदर गर्दै कानुन निर्माण र कार्यान्वयन र संसदीय निगरानी, समावेशी, समानुपातिक, समतामूलक प्रतिनिधित्व, शासकीय सन्तुलन, जवाफदेहिता प्रवर्धनको उद्देश्य सहित राष्ट्रिय सभामा क्रियाशीलताका लागि गम्भीर रूपमा सक्रिय भूमिकामा रहने प्रण गर्दछु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णुदेवी पुडासैनी। समय ५ मिनेट।

(१५:११ बजे) **माननीय श्री विष्णुदेवी पुडासैनी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो राष्ट्रिय सभामा निर्वाचित भएर आएपछि पहिलो बैठकमा उपस्थित भइरहेका छौं। सर्वप्रथम म आज मलाई यस ठाउँमा पुऱ्याउने मेरो पार्टीका सभापतिलगायत पार्टीका नेताज्यूहरूप्रति र मलाई बागमती प्रदेशबाट निर्वाचित गराएर यस ठाउँमा पुऱ्याउनु हुने माननीय प्रदेश माननीय सांसदहरूलाई र नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिका प्रमुख, उपप्रमुखहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। त्यसको साथैमा वास्तवमै भन्ने हो भने आजको पहिलो बोलीमै मैले सिंहदरबारको अधिकार गाउँमा पुऱ्याउने भन्ने हाम्रो प्रतिबद्धता अनुसार संविधान बनेको थियो। त्यो अनुसार सिंहदरबारको अधिकार गाउँमा अझ पुग्न सकेको छैन। त्यसैले प्रदेशलाई र स्थानीयलाई दिनुपर्ने अधिकारहरू दिनुपर्छ भन्ने मेरो सर्वप्रथम माग छ। अर्को कुरा आफ्नो कार्यकाल समाप्त गरेर बिदा हुनुभएका आदरणीय माननीय सदस्यज्यूहरूलाई धन्यवाद दिँदै उहाँको गर्नुभएको योग्यता, उहाँले गर्नुभएको कामको हामी साँच्चै नै आभार व्यक्त

गर्दै उहाँका भोलिका दिनहरू, अगाडिका दिनहरूलाई शुभकामना दिन चाहन्छु। र आज नवनियुक्त माननीयज्यूहरूलाई बधाई तथा कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, यस सम्मानित सदनको सदस्यमा निर्वाचित भएर आफ्नो सम्पूर्ण समय जनताको हितमा मात्र सोच्ने र काम गर्ने नयाँ जोश, जाँगर र उमङ्ग लिएर हामी यहाँ उपस्थित भइरहँदा राष्ट्रिय सभा कामकाजी हुन सकेन भने जनगुनासोहरू बढ्दै गएको कुरा पनि म यो सदन मार्फत ध्यान आकर्षण, सदनमा ध्यान आकर्षण गर्न चाहन्छु। किनकि यो सदन साँच्चि नै गरिमामय हुनुपर्छ र जनताको चाहेका जनताको मन छुन्ने काम गर्न सक्नुपर्छ भन्ने मेरो धारणा हो।

त्यस्तै गरी हामी यहाँ प्रवेश गर्दैगर्दा चितवनमा एक hostel मा १४ वर्षकी बालिका सविता पोखरेलको मृत्युवरण गरेको कुरा सुन्न पाउँदा, सुन्न पर्दा हामीलाई अत्यन्तै दुःख लागेको छ। त्यसले गर्दा उनीमाथि भएको अन्यायको तुरुन्त छानविन, छिटो छानविन गर्नुपर्‍यो। र तिनी अपराधीलाई कारवाही गर्नुपर्‍यो। यदि उनी साच्चै नै आत्महत्या गरेकी छिन भने पनि त्यो आत्महत्या गराउन प्रेरित गर्नेलाई कारवाही गर्नुपर्छ भन्दै यो सदनको ध्यानाकर्षण, यो सदन मार्फत सरकारको ध्यानाकार्षण गर्दै विदा हुन्छ। धन्यवाद, जय नेपाल।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य विष्णुबहादुर विश्वकर्मा। समय ५ मिनेट।

(१५:१६ बजे) **<u>माननीय श्री विष्णुबहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज यस गरिमामय राष्ट्रिय सभाको रोस्टममा उभिएर बोल्न पाउँदा म अत्यन्तै हर्षित छु। मलाई यहाँसम्म ल्याइपुर्‍याउने कर्णाली प्रदेशका मतदाता महानुभावहरूलाई म सम्झन चाहन्छु। मलाई धन्यवाद दिन चाहन्छु। साथै मलाई विजय गराउनको निमित्त प्रयत्नशील रहिरहने मेरो पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका लिडर र पार्टीलाई म धन्यवाद दिन चाहन्छु। साथै यो देशमा गणतन्त्र स्थापनाको लागि आफ्नो ज्यान आहुति दिने महान जनयुद्ध, मधेश आन्दोलन, तराई आन्दोलन लगायतका थुप्रै राजनीतिक आन्दोलनमा जीवन मरण गर्नुहुने महान् सहिदलाई श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै ती आन्दोलनमा बेपत्ता पारिएका बेपत्ता योद्धा र घाइते र घाइते साथीहरूलाई म सम्झन चाहन्छु, सम्मान गर्न चाहन्छु। आज म यो रोस्टरमा उभिएर केही प्रतिबद्धता र केही अपेक्षा सुनाउन पाउँदा म ती दिनलाई सम्झिरहेको छु जतिखेर म नागरिकता बनाउँदै थिए ४० सालमा म विष्णु नाम, थर कामी, विश्वकर्मा बीचमा बहादुर लेख्नु पर्ने थियो। बहादुर मात्रैको सिफारिस गर्न मैले

६ महिनासम्म सङ्घर्ष गर्नुपऱ्यो। र म मलाई ६ महिनासम्म सिफारिसबाट वञ्चित गराइयो। त्यस्तै नागरिकता बनिसकेपछि म अध्यापनको निमित्त जागिर खान गएँ। तीन पटकसम्म मलाई गाउँबाट लखेटियो, जागिर खान दिइएन। चौथो पटक मात्रै मैले अध्यापन मा नियुक्ति पाएँ र मैले ६ वर्षसम्म अध्यापन गराएँ। आज ती मलाई अपहेलना गर्ने मित्रहरूलाई पनि म धन्यवाद दिन चाहन्छु किनभने त्यही कारणले गर्दाखेरि मेरो मनमा विद्रोह जाग्यो। विद्रोही भावना जाग्यो र त्यसपछि म अनवरत रूपमा विद्रोहको बाटोमा सामेल भएँ। आज त्यही विद्रोहका कारणले मलाई ३६ वर्षीय राजनीति पछि यो रोस्टममा पुऱ्याइरहेको छ। त्यसो हुँदाखेरी सबै सबैमा धन्यवाद दिन चाहन्छु। आज नयाँ सरकार बनेको छ। त्यो नयाँ सरकारका प्रधानमन्त्रीलगायत नेपाल सरकारको मन्त्री महानुभावहरूमा पनि म धनवाद दिन चाहन्छु र कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। रोस्टममा उभिएर बोल्दै गर्दा मैले केही प्रतिबद्धता मैले यहाँ जाहेर गर्नुपर्छ र केही मैले अपेक्षा पनी जाहेर गर्नुपर्छ। त्यसो हुँदा राष्ट्रियता, संघीय गणतन्त्रको रक्षा र विकासको लागि, स्वाधीनताको पूर्ण कार्यान्वयनका लागि, शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिनका लागि, सुशासन, सामाजिक न्याय सहितको समृद्धिका लागि आवश्यक नीति निर्माण गर्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छु। साथै अब यो देशमा व्यवस्था बदलिएको छ, अवस्था बदल्नको निमित्त। जनतामा भएका महिला, दलित लगायत थुप्रै जाति, जनजातिमा सिपहरूलाई आधुनिकीकरण, कृषिमा आधुनिकीकरण गरेर उत्पादनमा वृद्धि र रोजगारी सिर्जना गर्नुपर्ने छ। यसैगरी नेपालको संविधानप्रदत्त मौलिक हक कार्यान्वयनको लागि ३ वर्षभित्र कानुनी व्यवस्था गर्नु पर्ने नेपालको इतिहास संविधानको भाग-३, धारा ४७ मा संवैधानिक व्यवस्था भए पनि अझै कानुनको अभाव देखिन्छ। यस्ता कानुन निर्माणको निम्ति तीव्रता दिनुपर्ने छ। राष्ट्रिय सभा एक स्थायी सभा हो। यसलाई आज्ञाकारी जस्तो मात्र नबनाई समसामयिक विषयमा उठान गर्ने थलोको रूपमा यसलाई जिम्मेवारी बनाइनुपर्दछ। पूर्ण बैठकहरूमा सदस्यज्यूहरूको आवश्यक संख्या नपुगेर नीति निर्माणमा अवरोध रहेका थोरै उदाहरणहरू छ। यस्ता घटनाहरू दोहोराउनु हुँदैन। दलित समुदायमाथि व्याप्त भइरहेको जातीय विभेद, लैङ्गिक विभेद आदि अन्त्य गर्नको निमित्त मौलिक हकलाई पूर्ण कार्यान्वयनको लागि विशेष अधिकारको नीति निर्माणमा विशेष पहल गरिनुपर्दछ। र प्रदेश कर्णालीको इतिहासलाई हेर्दाखेरि शाह वंशीय राजतन्त्रले घोषित रूपमा पारेको हो। त्यसो हुँदाखेरी कर्णाली विकासको निमित्त, समान विकासको निमित्त कर्णालीलाई अग्राधिकारको नीति निर्माण गरिनुपर्दछ। साथै दलित विकास प्राधिकरण विधेयक यथाशीघ्र आओस्। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कृष्णप्रसाद अधिकारी। समय ५ मिनेट। माननीय सदस्य श्री कृष्णप्रसाद अधिकारी।

(१५:२२ बजे) **माननीय श्री कृष्णप्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभामुख, अध्यक्ष महोदय, आज ३८ वर्ष लामो अविराम राजनीतिक यात्रापछि पहिलोचोटि यो गरिमामय सदनको रोस्टममा उभिएर बोल्न पाउँदा अलिकता हर्ष र अलिकता चाहिँ कौतुहलताहरू पनि पैदा भएको छ। सर्वप्रथम म ती महान् सहिदहरू जसले लोकतान्त्रिक, संघीय गणतन्त्र स्थापनाको लागि बलिदान गर्नुभयो, उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। त्यसैगरी आन्दोलनमा बेपत्ता पारिएका र घाइतेहरूप्रति उच्च सम्मान र घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्न चाहन्छु। मलाई यो अवसर दिने मेरो राजनीतिक दल नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र र बागमतीबाट मलाई विजय गराउनको लागि पूर्व गठबन्धनबाट निर्वाचित गराउन भूमिका खेल्नुहरू तमाम मतदाताहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। अहिलेको समीकरण अझ राम्रो गर्नको लागि यो समीकरण बदलेको हो। र सम्माननीय प्रधानमन्त्री "प्रचण्ड" र भर्खरै निर्वाचित नयाँ मन्त्रिमण्डलका सबै सदस्यहरूलाई हार्दिक बधाई र कार्य सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यो गरिमामय सदन प्रतिनिधि सभाको छायाँ हुँदैन। यो नीति निर्माणको तहबाट यो एउटा उत्कृष्ट सदन हो। संसारका अनुभवबाट र हाम्रै आन्दोलनबाट विशेष त जनसमुदायको इच्छा र चाहनाबाट हाम्रो संविधानले यो सदनको परिकल्पना गर्यो। र राष्ट्रिय सभाबाट नीति निर्माणको तहबाट हामीले खेल्नुपर्ने आज सुशासनको क्षेत्रमा, सामाजिक न्यायको क्षेत्रमा, समृद्धिको क्षेत्रमा

(माननीय सदस्य नारायणदत्त मिश्रले उठेर कुरा राख्न खोज्नुभएको)।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य एकै छिनलाई रोकौं। के भयो? के छ माननीय सदस्य?

**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सरकारको प्रतिनिधि अघि म बोल्नेबेला थिएनन्।

**सम्माननीय अध्यक्ष**:- माननीयज्यू बसौं। ध्यानाकर्षणको लागि धन्यवाद। माननीयज्यू बस्नुस्। हस्।

(१५:२४ बजे) **माननीय श्री कृष्णप्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- माननीयज्यूहरू म मेरो भनाइ अगाडि बढाउँछु। र आज हामीले जनताका अपेक्षाहरू, व्यवस्था बदल्यो, जनताका आवश्यकता, अपेक्षाहरू, जनताको जनजीवन बदल्नु छ। त्यसको लागि कानुन निर्माणको हिसावले अहिले संघीय निजामती कानुन, संघीय प्रहरी ऐन, त्यसैगरी टी.आर.सी विधेयक शान्ति प्रकृयालाई तार्किक निष्कर्ष पुऱ्याउनको लागि यो छिटो चाहि fast track बाट बनाएर छिटो भन्दा छिटो जनतालाई न्याय दिन दिनुपर्ने ठाउँमा हामी छौं। आज तमाम जनजीविका समेक्षा छन्। म घाइते, अपाङ्गबाट निर्वाचित हुनुको हिसावले, अल्पसंख्याबाट निर्वाचित हुनुको हिसावले आज ती सीमान्तकृत वर्गका समुदायहरू, ती घाइते अपाङ्गवर्गका समस्याहरू जो उनीहरूको भरणको कुरा छ। स्वास्थ्य उपचारकाको कुरा छ। भरण पोषणको कुराहरू छ, रोजगारका कुराहरू छ। म यो सदनबाट विषय केन्द्रित गर्न चाहन्छु। र नीति निर्माणको तहमा यो राष्ट्रिय सभालाई गरिमामय, यसको ओज र गरिमालाई माथि उठाउनको लागि म निरन्तर प्रयत्न गर्ने छु। अर्को म नयाँ सदस्य हुनुकोले म सवै माननीय सदस्यज्यूहरूबाट सिक्दै र आफूलाई स्वयं म एउटा मजदूर आन्दोलनबाट आएको एउटा प्रतिनिधि भएको हुनाले मैले आधारभूत श्रमजीवि वर्गको पक्षमा नीति निर्माणको तहबाट खेल्नु पर्ने भूमिका निर्वाह गर्ने छु। यति कुरा राख्दै विदा हुन्छु। धन्यवाद। अभिवादन।

(१५:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्य के छ? माननीय सदस्य उदय बहादुर बोहरा।

(१५:२६ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- राष्ट्रिय सभामा यो सम्मानित सदनमा बोलिरहँदा हामी माननीय सदस्यहरूले बोल्दा अपनाउनुपर्ने शैली र गर्नुपर्ने शब्द चयन प्रष्ट रूपमा हाम्रो नियमावलीमा उल्लेखित छ। र १८ गतेको यो सम्मानित सदनमा माननीय भुवनबहादुर सुनारले बोलिरहँदा मैले नियम आपत्ति गरेको थिएँ। र जसमा हाम्रो नियमावली २०७५ को दोस्रो संशोधनको नियम २१ को (घ)मा कसैलाई आक्षेप कसैलाई घोचपेच नगर्ने भन्ने प्रष्ट रूपमा उल्लिखित छ। त्यसो भएको हुनाले उहाँले बोलिरहँदा मैले नियम आपत्ति गर्दै उहाँले बोलिरहेको त्यो शब्दलाई रेकर्डबाट हटाइयोस्। ताकि

यो सम्मानित सदनलाई यसको सम्मानलाई अझ बढी उच्च राख्न सकियोस् भन्ने आफ्नो भनाइ राखेको थिए। र १८ गतेको सो सदनमा तत्कालीन सम्माननीय अध्यक्षज्यूले यसको बारेमा सचिवालयले छलफल गरेर टुङ्ग्याउनेछ भन्ने निर्देशन दिनुभएको थियो। र त्यसमा छलफल के भयो? त्यो record बाट हट्यो कि हटेन त्यसको जानकारी पाउन म अनुरोध गर्दछु। धन्यवाद।

(१५:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, सभाको अघिल्लो बैठकमा माननीय सदस्य भुवन बहादुर सुनारले बोल्नुभएका केही विषयमाथि माननीय सदस्य उदय बहादुर बोहराले नियमापत्ति गर्नुभएको सभाध्यक्षको निर्देशबमोजिम सचिवालयले उहाँले बोल्नुभएको कुरा रेकर्ड सुनेर अध्ययन गरेको छ।यस सम्बन्धमा केही प्रक्रियागत विषय बाँकि रहेकोले आगामी बैठकमा रुलिङ हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रीको नियुक्ति र कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब म उक्त पत्रको ब्यहोरा जानकारी गराउँछु।

**विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले मिति २०७९ साल पुस ११ गते सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको नेतृत्वमा गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा देहाय बमोजिमको नियुक्ति, हेरफेर र कार्य विभाजन गरी मन्त्रिपरिषद् गठन गर्नुभएको छ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल 'प्रचण्ड' | प्रधानमन्त्री | वन तथा वातावरण र स्वास्थ्य तथा जनसङ्ख्या |
| २. | श्री रघुवीर महासेठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | परराष्ट्र |
| ४. | श्री रवि लामिछाने | उपप्रधानमन्त्री | गृह |
| ५. | श्री वर्षमान पुन | मन्त्री | अर्थ |
| ६. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिंचाइ |
| ७. | श्री भानुभक्त जोशी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |

| | | | |
|---|---|---|---|
| ८. | श्री हितबहादुर तामाङ | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ९. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १०. | श्री पदम गिरी | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ११. | श्री ज्वालाकुमारी साह | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १२. | श्री बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १३. | श्री दामोदार भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १४. | श्री भगवती चौधरी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १५. | श्री राजेन्द्रकुमार राई | मन्त्री | खानेपानी |
| १६. | श्री हरिप्रसाद उप्रेती | मन्त्री | रक्षा |
| १७. | श्री धन बहादुर बुढा | मन्त्री | सहरी विकास |
| १८. | श्री डोलप्रसाद अर्याल | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १९. | श्री सुमना श्रेष्ठ | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| २०. | श्री विराज भक्त श्रेष्ठ | मन्त्री | युवा तथा खेलकुद |

(डिल्लीराम शर्मा)
सचिव
२०८०/११/२३

मानानीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट माननीय खानेपानी मन्त्री राजेन्द्रकुमार राईलाई "लोक सेवा आयोगको चौसट्ठिऔं वार्षिक प्रतिवेदन, २०७९/८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१५:३१ बजे) **माननीय श्री राजेन्द्रकुमार राई(माननीय खानेपानी मन्त्री)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमति लिएर लोकसेवा आयोग ६४औ वार्षिक प्रतिवेदन २०७९/८० सभा समक्ष पेस गर्छु। धन्यवाद।

**(१५:३२ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरु, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको "अनुगमन तथा मुल्याङ्कन विधेयक, २०७६" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

**(१५:३२ बजे)** **<u>राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र आर्याल</u>:-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्देश सन्देश सहित प्रतिनिधि सभामा पठाइएको विधेयकको सम्बन्धमा सन्देश प्राप्त भएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम (१२३) को उपनियम (१) को व्यवस्था बमोजिम उक्त सन्देश सभालाई जानकारी गराउँदछु।

श्री सचिव,
राष्ट्रिय सभा,

**विषयः सन्देश सहित विधेयक फिर्ता पठाइएको।**

राष्ट्रिय सभामा उत्पत्ति भएको अनुगमन तथा मूल्याङ्कन विधेयक २०७६ लाई राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन संशोधनसहित सम्वत् २०८० साल फागुन १८ गते शुक्रबार बसेको प्रतिनिधि सभाको बैठकले पारित गरेकोले प्रतिनिधिसभा नियमावली २०७९ को नियम (१३३) को (५) बमोजिम सन्देशसहित उक्त विधेयक फिर्ता पठाइएको व्यहोरा अनुरोध गर्दछु।

पद्मप्रसाद पाण्डे
महासचिव
२०८०/११/२०

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम (१२३) को व्यवस्था बमोजिम उक्त सन्देश सभा समक्ष टेबुल गर्दछु। धन्यवाद।

**(१५:३४ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन २७ गते आइतबार अपराह्न १ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन २७ गते आइतबार अपराह्न १ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ)।

**स्थगितः- १५:३४ बजे।**